# प्रभाव दैनिक
National Daily



**फोहोरमैलाको उचित व्यवस्थापन**

- घर वरिपरि तथा सार्वजनिक स्थानमा फोहोर नफालौं,
- फोहोरलाई टस्टबिन वा फोहोर संकलन केन्द्रमा मात्रै फालौं,
- सकेसम्म प्लास्टिक प्रयोग नगरौं,
- कुहिने, नकुहिने र पुनः प्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै भाडामा फोहोर राखौं ।

*'फोहोरमैला व्यवस्थापन स्थानीय तहलाई सहयोग गरौं ।'*

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष ११ | अंक २९४ | काठमाडौं | मंगलबार, ०६ फागुन २०८१ | Prabhab National Daily | Tuesday, February 18, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


भ्रष्टाचार निवारण विधेयक

## निजी क्षेत्र अख्तियारको क्षेत्राधिकार बाहिर, पाँच वर्षे हदम्याद हट्यो



- निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउने विषय हटाइयो
- समाजमा आर्थिक अनुशासन कायम राख्नका लागि यो विधेयक ल्याइएको गृहमन्त्रीको दाबी
- प्रतिनिधिसभाले पारित गरेको यो विधेयक फेरि राष्ट्रियसभामा जाने

निजी क्षेत्रलाई हामीले आतंकित गर्नु हुँदैन । त्यस्तो कानुन ल्याउनु हुँदैन, त्यही भएर अख्तियारको क्षेत्राधिकारमा ल्याउने प्रावधान विधेयकबाट हटायौं ।

**दिलेन्द्रप्रसाद बडू**
**सांसद, नेपाली कांग्रेस**

**जेबी योञ्जन**

**काठमाडौं–** निजी क्षेत्रलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको दायरामा ल्याउने विषय हटाएर भ्रष्टाचार निवारण ऐन संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभाबाट सर्वसम्मत पारित भएको छ । लामो समयसम्म सार्वजनिक क्षेत्रसँगै निजी क्षेत्रमाथि अख्तियारले भ्रष्टाचार मुद्दामा छानबिन, अनुसन्धान र अभियोजन गर्न पाउनेगरी छलफल गरेर कानुनी व्यवस्था राखिए पनि त्यसलाई हटाएर विधेयक पारित गरिएको हो ।

यो विधेयक राष्ट्रियसभामा उत्पत्ति भएको हो । राष्ट्रियसभाले पारित गर्दा निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउने प्रावधान विधेयकमा थियो । प्रतिनिधिसभाले भने सोमबार उक्त प्रावधानलाई हटाएर विधेयक पारित गरेको छ ।

विधेयक पारित हुनुअघि कांग्रेस सांसद दिलेन्द्रप्रसाद बडूले राष्ट्रियसभाले पारित गरेर पठाएका केही व्यवस्थामा संशोधन गरिएको बताएका थिए । उनले निजी क्षेत्रमा हुने भ्रष्टाचारसमेत अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारभित्र ल्याउनुपर्ने भन्दै बहस भएको तर अख्तियारले सम्हाल्न सक्ने अवस्था छ कि छैन भन्ने कोणबाट पनि भएको बहसलाई आधार मानेर निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउने प्रावधान हटाइएको बताए । उनले निजी क्षेत्रलाई आतंकित हुन नदिनका लागि अख्तियारको क्षेत्राधिकारमा नराखिएको बताए ।

'निजी क्षेत्रलाई हामीले आतंकित गर्नु हुँदैन । त्यस्तो कानुन ल्याउनु हुँदैन, त्यही भएर अख्तियारको क्षेत्राधिकारमा ल्याउने प्रावधान विधेयकबाट हटायौं,' उनको भनाइ थियो । यसबाहेक भ्रष्टाचार विधेयकबाट भ्रष्टाचार मुद्दाको अनुसन्धानमा पाँच वर्षे हदम्याद हटाएको छ । राष्ट्रियसभाले भने उक्त अवधि राखेर विधेयक पारित गरेको थियो । प्रतिनिधिसभाले सोमबार त्यसलाई हटाएको हो । विधेयक पारित हुनुअघि सत्ता नेतृत्व दल नेकपा एमालेका सांसद ठाकुरप्रसाद गैरेले विधेयकले भ्रष्टाचार न्यूनीकरणमा थप काम गर्न सक्ने बताए ।

उनले वर्तमान ओली सरकारले भ्रष्टाचारलाई अन्त्य गर्नका लागि प्राथमिकतामा राखेर काम गर्दै आएको बताए । सरकारको सोही स्पिरिटअनुसार विधेयक आएको भन्दै उनले विधेयक पारित हुनु महत्त्वपूर्ण उपलब्धि भएको बताए ।

क्रमशः पृष्ठ २ मा

# नेपाली विद्यार्थीमाथि किट विद्यालयको अभद्र व्यवहार

### नेपाली छात्रा प्रकृति लम्सालको मृत्युपश्चात् छानबिनको माग गर्दा जबरजस्ती निकालिए, चौतर्फी विरोधपछि विश्वविद्यालय फर्किन अपिल



प्रकृति लम्साल



भारतको किट विश्वविद्यालयबाट सोमबार जबरजस्ती निकालिएका नेपाली विद्यार्थी

- भारतको भुवनेश्वरस्थित ओडिसामा रहेको इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (किट) विश्वविद्यालयमा अध्ययनरत नेपाली छात्रा प्रकृति लम्सालको मृत्यु
- सोमबार बिहान विश्वविद्यालय प्रशासनले जबरजस्ती निकालेका नेपाली विद्यार्थीलाई साँझ भने फर्कन अपिल
- प्रधानमन्त्री केपी शर्मा ओली र परराष्ट्रमन्त्री आरजु राणा देउवाले निरन्तर कूटनीतिक पहल जारी राखेको जानकारी

**प्रभाव संवाददाता**

**काठमाडौं–** भारतको ओडिसास्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (किट) विश्वविद्यालयमा अध्ययनरत नेपाली छात्रा प्रकृति लम्सालको मृत्युपश्चात् उत्पन्न परिस्थितिको चौतर्फी विरोध सुरु भएको छ । रूपन्देही घर भएकी २० वर्षीया लम्सालको शव आइतबार साँझ विश्वविद्यालयको छात्रवासमा झुन्डिएको अवस्थामा फेला परेको थियो ।

लम्सालको शव भेटिएपछि त्यहाँ रहेका नेपाली विद्यार्थीले निष्पक्ष छानबिन हुनुपर्ने माग गर्दा विश्वविद्यालय प्रशासनले नेपाली विद्यार्थीमाथि उल्टै अभद्र व्यवहार गऱ्यो । प्रशासनले शवसमेत हेर्न नदिएपछि शंकास्पद घटनाको विरोधमा विश्वविद्यालयका विद्यार्थीले प्रदर्शनसमेत गरेको भारतीय सञ्चार माध्यम इन्डियन एक्सप्रेसले उल्लेख गरेको छ । विश्वविद्यालय प्रशासनले नेपाली विद्यार्थीहरूलाई छात्रवासबाट जबरजस्ती निकालेर कट्टाकस्थित रेल स्टेसन छाडिदिएको थियो ।

'प्रदर्शन दबाउन भन्दा पनि घटना लुकाउन हामीलाई जबरजस्ती होस्टलबाट निकाले । रेल स्टेसन ल्याएर हामीलाई अलपत्र पारे,' एक नेपाली विद्यार्थीले इन्डियन एक्सप्रेसलाई बताएका छन् । नेपाली विद्यार्थीको प्रदर्शनमा भारतीय विद्यार्थीहरूलेसमेत साथ दिएका थिए । नेपाली विद्यार्थीले पटक-पटक परामर्श गर्दा र प्रहरीले छानबिन थालेको भन्दा पनि नमानेपछि आफूहरू यस्तो कदम चाल्न बाध्य भएको विश्वविद्यालय प्रशासनले विज्ञप्ति जारी गर्दै दाबी गऱ्यो ।

क्रमशः पृष्ठ २ मा

## सरकारबाट कूटनीतिक पहल

प्रधानमन्त्री केपी शर्मा ओलीले यस विषयमा आफूहरूले कूटनीतिक तवरले पहल थालेको बताएका छन् । 'भारतको ओडिसास्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (किट) विश्वविद्यालयको होस्टेलमा एकजना नेपाली छात्राको मृत्यु भएको र नेपाली विद्यार्थीलाई होस्टेलबाट जबर्जस्ती निकालेको कुरा मिडिया र सामाजिक सञ्जालमार्फत जानकारीमा आएको छ ।

यस विषयमा सरकारले कूटनीतिक तवरले बुझ्दै सम्पर्कमा रहेर काम गरिरहेको छ,' प्रधानमन्त्री ओलीले सामाजिक सञ्जाल फेसबुकमार्फत भनेका छन् ।

यता परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले यस विषयमा आफू निरन्तर सम्बन्धित निकायसँग समन्वयमा रहेको बताइन् । 'हामीले यस विषयलाई गम्भीररूपमा लिएर कूटनीतिक पहल सुरु गरिसकेका छौं । मैले भारतका लागि नेपाली राजदूत श्री डा. शंकर

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन विवाद

# प्रशासनको निर्देशन कुर्दै असन्तुष्ट पक्ष

### प्रजिअ भन्छन्– दुवैपक्ष बसेर टुंग्याउन भनेको छु

**ममता थापा**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन समयमै नगराएको विरोधमा असन्तुष्ट व्यवसायीहरू दोस्रोपटक जिल्ला प्रशासन कार्यालय काठमाडौं पुगेका छन् । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसनका पूर्वअध्यक्ष हंसराज वाग्ले, महासचिव महेश बस्नेतसहित आठवटै घटक संस्थाका प्रतिनिधिले सोमबार प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीलाई भेटेर कार्यसमितिले विधान मिचेको विषयमा यथाशक्य चाँडो निर्देशन दिन आग्रह गरेका थिए ।

एसोसियसनका महासचिव बस्नेतका अनुसार प्रमुख जिल्ला अधिकारी तिवारीले सकेसम्म सोमबारै संघको कार्यसमितिलाई निर्देशनात्मक आदेश दिने आश्वासन दिएका थिए । 'सिडिओसँग सकारात्मक कुरा भएको छ, आजै बेलुकासम्म निर्देशन दिने भन्नुभएको छ,' सोमबार प्रजिअलाई भेटेपछि बस्नेतले प्रभावसँग भने ।

प्रमुख जिल्ला अधिकारी तिवारीसँग संघको विषयमा बुझ्दा आफूले दुवै पक्षलाई मिलेर अघि बढ्न विगतदेखि नै भन्दै आएको बताए । चुनावको मिति र विधान मिचिएको विषयमा आफूलाई केही थाहा नभएकाले व्यवसायीलाई नै सोध्नुपर्ने उनको भनाइ छ । सोमबार नै निर्देशन दिने भन्नुभएको रहेछ नि ? भनेर सोध्दा तिवारीले भने, 'यस विषयमा कुरा हुँदै छ, मैले उहाँहरूलाई बसेरै टुंग्याउनुहोस् मात्र भनेको हो ।'

निर्देशन दिने विषयमा भने तिवारीले बोल्न चाहेनन् । व्यवसायीहरू जिल्ला प्रशासनले आफूहरूको असन्तुष्टिको कारण बुझेर न्यायोचित निकास दिने भन्दै निर्देशनको प्रतीक्षामा छन् । प्रशासनबाट भने मागअनुसार निर्देशन जारी गर्न आलटाल भएको व्यवसायीहरूको गुनासो छ ।

फागुन २ गतेको पूर्वनिर्धारित मितिमा संघको चुनाव तथा ३०औं र ३१औं वार्षिक साधारणसभा नभएपछि विधान मिचिएको भन्दै व्यवसायीहरू संगठित भएर विरोध गर्दै आएका छन् । गत शुक्रबार प्रशासन पुगेका व्यवसायीहरूले प्रजिअ तिवारीलाई भेटेर संघको कार्यसमिति २ फागुनदेखि अवैधानिक भएकाले आर्थिक कारोबारमा रोक लगाई तत्कालै कार्यसमितिको निर्वाचन गराउन संघ नेतृत्वलाई निर्देशन गरिनुपर्ने विषयमा ध्यानाकर्षण गराएका थिए । प्रजिअ तिवारीले 'विधान मिचिएको रहेछ' भनेर सकारात्मक प्रतिक्रिया दिएकाले प्रशासनको तर्फबाट आइतबारसम्म निर्देशन आउने उनीहरूको अपेक्षा थियो । तर केही खबर नआएपछि आफूहरू पुनः प्रशासन पुगेको व्यवसायीहरूको भनाइ छ ।

यदि संघको कार्यसमिति र जिल्ला प्रशासनको तर्फबाट चुनाव सार्न केही कदम नचालिएको खण्डमा कडा कदम चाल्न आफूहरू तयारी अवस्थामा रहेको असन्तुष्ट पक्षको भनाइ छ । सोमबार र मंगलबारभित्र कुनै आदेश नआए आफ्नो हिसाबले अघि बढ्ने उनीहरूले चेतावनी दिएका छन् ।

त्यसो त आइतबार संघमा भएको सर्वपक्षीय छलफल पनि निष्कर्षविहीन भएको थियो । एसोसिएसनका अध्यक्ष दीपक थापाले तत्कालै साधारणसभा बोलाउने निर्णय नगरे कार्यसमितिलाई अवैधानिक घोषणा गरी संघको नेतृत्वसँग कुनै पनि प्रकारको छलफल नगर्ने अडान राखेका थिए ।

> मैले दुवै पक्षलाई बसेर विवाद टुंग्याउनू भनेको छु । संघलाई निर्देशन दिने विषयमाचाहिँ कुरा हुँदै छ ।
>
> **ऋषिराम तिवारी**
> **प्रजिअ, काठमाडौं**

> हामीले सबै पक्षसँग छलफल गरेका छौं, छिट्टै नयाँ मिति टुंग्याउने तयारीमा छौं । सकेससम्म असार १७ गतेभन्दा अगाडि सार्ने प्रयासमा छौं ।
>
> **राजेन्द्र भण्डारी**
> **अध्यक्ष, वैदेशिक रोजगार व्यवसायी संघ**

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं
- गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# कामपाले छात्राबासहरूको अनुगमन गर्ने

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले छात्राबासहरू (होस्टल)लाई तोकिएको मापदण्डअनुरूप सञ्चालन गराउन सूचकका आधारमा अनुगमन गरिने जनाएको छ। कामपाकी उपप्रमुख सुनिता डंगोलले छात्राबास व्यवस्थापनका लागि अनुगमन गरिने बताएकी हुन्।

छात्राबासलाई व्यवस्थित बनाउन जारी गरिएको 'छात्राबास सञ्चालनसम्बन्धी मापदण्ड २०८०' ले तोकेका व्यवस्था कार्यान्वयनमा ल्याउन कामपा शिक्षा विभागले अनुगमन गर्ने उनले बताइन्। मापदण्डले कामपाभित्र छात्राबास सञ्चालन गर्न कार्ययोजना, प्रतिबद्धतासहितको निवेदन, वडाको सिफारिस, छात्राबास राख्ने भवनको नक्सा र नक्सापास प्रमाणपत्र, निर्माण सम्पन्न प्रमाणपत्रसहित कागजातसहित दर्ता गर्नुपर्ने मापदण्डमा उल्लेख छ।

छात्राबासभित्र हुनुपर्ने न्यूनतम पूर्वाधारअन्तर्गत शौचालय, भान्सा घर, पानीको आपूर्ति, विद्युत्, प्रत्येक छात्रछात्राका लागि पलङ, दराज र टेबल फोहोरमैला व्यवस्थापन तथा सरसफाइको प्रबन्ध गरिनुपर्ने भनिएको छ। कोठाहरू फराकिला, खुला हुनुपर्ने र पर्याप्त प्रकाश छिर्ने, हावा दोहोरो चल्ने हुनुपर्नेलगायत उल्लेख छ।

कामपाले तोकेको आकारमा स्पष्ट देखिने गरी परिचय पाटी राख्नुपर्ने, बस्ने छात्रछात्राको हालसालै खिचेको तस्बिर, पहिचान देखिने सरकारी कागज राख्नुपर्ने व्यवस्थामा भनिएको छ। असम्बन्धित व्यक्तिभित्र आउन दिन नहुने, कोठाभित्र मदिराजन्य, लागुपदार्थ, सुर्तीजन्य पदार्थ ओसारपसार, बिक्रीवितरण र प्रयोग गर्न नपाइने भनिएको छ। सञ्चालकबाट अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने भएकाले उमेर ३० वर्ष पूरा हुनुपर्ने जनाइएको छ।

## पृष्ठ १ बाट क्रमशः

## नेपाली...

'हाम्रो प्रशासनले नेपाली विद्यार्थीको मृत्युको घटनालाई लिएर १० घण्टादेखि शान्तिपूर्वक धेरै पटक परामर्श गर्न खोज्यो, शान्तिपूर्वक सम्झाउन खोज्यो। तर नेपाली विद्यार्थीहरूले कानुनलाई उल्लंघन गर्दै कलेजमा तनाव सिर्जना खोजे। उनीहरूले सार्वजनिक सडकमा पनि एक घण्टा अवरूद्ध गरेर थप तनाव दिए,' सोमबार किट प्रशासनले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। यद्यपि प्रशासनका कर्मचारीले भने नेपाली विद्यार्थीहरूलाई सित्तैमा पढाएको भन्दै दुर्व्यहार गरेको भिडियो सामाजिक सञ्जालमा भाइरल बनेको छ।

लम्सालको मृत्यु र नेपाली विद्यार्थीलाई विश्वविद्यालय प्रशासनले गरेको अभद्र व्यवहारको चौतर्फी विरोध सुरु भएको छ। नेपाली विद्यार्थीहरूले काठमाडौंस्थित भारतीय दूतावास अगाडि यस विषयमा निष्पक्ष अनुसन्धानको मागसहित प्रदर्शन गरेका छन्। त्यसपछि नेपाल सरकार र भारतीय दूतावासले उक्त विषयमा विश्वविद्यालय प्रशासनको ध्यानाकर्षण गरेको बताइएको छ।

सोमबार साँझ विज्ञप्ति जारी गर्दै भारतीय दूतावासले विश्वविद्यालयले विद्यार्थीहरूलाई होस्टेलमा बस्न र अध्ययन जारी राख्न भनेको अवगत गराउँदै स्थानीय अधिकारीद्वारा घटनाका छानबिन भइरहेको जनायो। 'हामी किट विश्वविद्यालयका अधिकारीहरूसँग समन्वयमा छौं। घटनाको छानबिन भइरहेको पनि जानकारी गराउँदछौं। भारत सरकार नेपाली विद्यार्थीहरूको सुरक्षाका लागि आवश्यक सबै कदम चाल्ने कुरा पनि आश्वस्त पार्न चाहन्छौं,' काठमाडौंस्थित भारतीय दूतावासले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

यसअघि भारतको नयाँ दिल्लीस्थित नेपाली दूतावासले विश्वविद्यालयमा अध्ययनरत नेपाली विद्यार्थीका लागि छात्रावास र कक्षा सञ्चालनको व्यवस्था मिलाउने जानकारी गराएको थियो। नेपाली दूतावासका अनुसार उक्त किटमा ५०० नेपाली विद्यार्थी अध्ययनरत छन्।

### अनुसन्धान जारी

रूपन्देही भैरहवाकी लम्साल किट विश्वविद्यालयमा बिटेकमा मेकानिकल इन्जिनियरिङ तेस्रो वर्षमा अध्ययनरत छात्रा हुन्। आइतबार साँझ मृत अवस्थामा भेटिएकी थिइन्। घटनाबारे जानकारी पाउनसाथ उनका बुवा सुनिल लम्साल भुवनेश्वरस्थित विश्वविद्यालयमा पुगिसकेका छन्।

भारतीय प्रहरीले यस घटनामा छानबिन थालिसकेका एक जना पक्राउ गरिसकेको जनाएको छ। पक्राउ परेका व्यक्ति उनीसँग पढ्ने आद्विक श्रीवास्तव रहेका छन्। श्रीवास्तवसँग प्रेममा रहेको र उनीसँग झगडाका कारण आत्महत्या गरेको हुनसक्ने भारतीय प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको भारतीय सञ्चारमाध्यमहरूमा दाबी गरिएको छ।

■■■

## सरकारबाट...

शर्मालाई घटनाको वास्तविकता बुझ्न र नेपाली विद्यार्थीलाई परेको समस्याका बारेमा आवश्यक तत्परता लिइ काम गर्न निर्देशन दिएकी थिएँ,' परराष्ट्रमन्त्री देउवाले फेसबुकमार्फत भनेकी छन्। नेपाली पक्षको निरन्तरको प्रयासपछि विश्वविद्यालयले रेलमा छाडेका नेपाली विद्यार्थीलाई कक्षामा फर्कन अपिल गरेको छ। 'किट प्रशासनले सबै क्याम्पस र होस्टललाई सामान्य स्थितिमा फर्काएर पठनपाठन सुचारु गराउन सबै प्रयास अघि बढाएको छ। कलेज छोडेर हिँडेका वा छोड्ने योजना बनाएका हाम्रा सबै नेपाली विद्यार्थीहरूलाई फर्किएर कक्षालाई निरन्तरता दिन अपिल गरिन्छ,' विश्वविद्यालयका रजिस्ट्रारले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

■■■

## निजी क्षेत्र...

विधेयकमाथिको छलफलको क्रममा नेकपा एकीकृत समाजवादीका सांसद मेटमणि चौधरीले प्रभावकारी ऐन बनाउनुपर्ने र प्रभावकारी ऐनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताए। उनले नीतिगत भ्रष्टाचारलाई समेत कुनै न कुनै रूपमा ऐनले सम्बोधन गर्न सक्नुपर्ने बताए। ललितानिवास जग्गा हिनामिनाकाण्डमा नीतिगत निर्णय गरेर भ्रष्टाचार गराउने पूर्पप्रधानमन्त्रीहरू माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईले उन्मुक्ति पाएपछि निर्णयकर्तामाथि पनि मुद्दा चलाउनुपर्ने बहस चलिरहेको छ। यहीबेला नेकपा एकीकृत समाजवादीका सांसद चौधरीले उक्त विषय उठान गरेका हुन्।

उनले अदालतभित्रसमेत भ्रष्टाचार हुने गरेको कतिपयको आशंका रहने गरेको भन्दै जो कोही भ्रष्टाचारको अनुसन्धानमा आउनसक्ने शक्तिशाली अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सक्षम नेतृत्व आवश्यक रहेको बताए। 'कस्तो नीति र व्यवस्था छ भन्नेले म्याटर गर्दैन, यदि नेतृत्व त्यस अनुकूल भएन भने,' उनको भनाइ छ। सांसदहरूले उठाएका विषयमा गृहमन्त्री लेखकले सरकार भ्रष्टाचार नियन्त्रणमा प्रतिबद्ध रहेको बताए। भ्रष्टाचार नियन्त्रणलाई थप प्रभावकारी बनाउन र समयाअनुकूल ऐन संशोधन गर्ने सरकारको उद्देश्य रहेको बताए। उनले भने, 'समाजमा आर्थिक अनुशासन कायम राख्नका लागि यो विधेयक ल्याइएको हो।'

प्रतिनिधिसभाले पारित गरेको यो विधेयक फेरि राष्ट्रियसभामा जान्छ। राष्ट्रियसभाले पनि अध्यादेश स्वीकार गरेको अवस्थामा राष्ट्रियसभाका अध्यक्ष हुँदै प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ जान्छ। राष्ट्रपतिले प्रमणीकरण गरेपछि मात्रै ऐनको रूपमा कार्यान्वयनमा आउने छ।

विधेयक ६ माघ २०७६ मा राष्ट्रियसभामा दर्ता भएको थियो। त्यसबेला ओली नै प्रधानमन्त्री दिए। उनै ओलीले दर्ता गरेको विधेयक २७ चैत २०७९ मा राष्ट्रियसभाबाट पारित भएको थियो। त्यसपछि विधेयकमाथि प्रतिनिधिसभामा गत ३१ भदौमा भएको सैद्धान्तिक छलफलमा दफावार छलफल गर्नका लागि राज्य व्यवस्था तथा सुशासन समितिमा पठाएको थियो। समितिले पास गरेर प्रतिवेदनसहित सभामा लगेको थियो। त्यसमाथि छलफल गरेर सोमबार प्रतिनिधिसभाले सर्वसम्मत पारित गरेको हो।

■■■

## प्रशासनको...

असन्तुष्टहरूले फागुन २ यता संघ अवैधानिक भएको भन्दै आइरहेको अवस्थामा आइतबार सल्लाहकार नियुक्त गरिनु विधानको अर्को उल्लंघन भएको भन्दै थप आक्रोशित भएका छन्। यता संघका अध्यक्ष राजेन्द्र भण्डारीले भने सर्वपक्षीय छलफल सकारात्मक भएकाले छिट्टै नयाँ मिति तय गर्ने बताए। 'हामीले सबै पक्षसँग छलफल गरेका छौं, छिट्टै अर्को छलफल गरेर नयाँ मिति टुंग्याउने तयारीमा छौं,' भण्डारी भन्छन्, 'सकेससम्म असार १७ गतेभन्दा अगाडि सार्ने प्रयासमा छौं। उहाँहरू जिल्ला प्रशासन पुग्नुभएको भन्ने छ तर सिडिओ कार्यालयबाट त्यस्तो कुनै निर्देशन आएको छैन।'

संघले २ फागुनका लागि तोकिएको निर्वाचनसहितको साधारणसभा १७ असारका लागि सार्ने निर्णय गरेपछि एसोसिएसनसहित नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, एकीकृत वैदेशिक रोजगार व्यवसायी संस्था नेपाल, नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति, नेपाल वैदेशिक रोजगार तमुधी समाज, नेपाल वैदेशिक रोजगार तामाङ समाज, तराई वैदेशिक रोजगार व्यवसायी समाज, नेपाल वैदेशिक रोजगार व्यवसायी मगर समाजले संघलाई दबाब दिइरहेका छन्।

संघको वर्तमान कार्यसमितिले भने व्यवसायीको इजाजत नवीकरणका लागि बाधक रहेको एक सय संख्या समस्याको छिटो समाधान, वैदेशिक रोजगार ऐन तथा नियमावलीमा संशोधन, सेवा शुल्क परिमार्जनलगायतका अन्तिम चरणमा रहेका काम सल्टाएर मात्र साधारणसभा बोलाउनु उपयुक्त हुने अडान राख्दै आएको छ।


**मोटरसाइकल हराएको सूचना**

करण तामाङको नाममा दर्ता भएको बा. प्र. ०२ ०४७ प ३३८९ ईन्जिन नं. GE5LP2702976 र च्यासिस नं. MD637GE58P2L03055 रहेको कालो रङ्गको १६० सि.सि.को TVS APACHE मोटरसाइकल टोखा न.पा.-१, झोर जानिया गाउँको घरको पार्किङ स्थलबाट मिति २०८१/११/०३ गते अंदाजी ०३:०० रातीको समयमा चोरी भएको हुँदा देख्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा मोबाईल नं. ९७४५९३२८६० मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/११/०६

यस कम्पनीको मिति २०८१/१०/०७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **लुम्बिनी यु.पि.भि.सि. एण्ड स्टिल ईन्डष्ट्रिज प्रा.लि.**/Lumbini U.P.V.C and Steel Industries Pvt. Ltd को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लुम्बिनी संसार ट्रेड्गि प्रा.लि.**/LumbiniSansar Trading Pvt. Ltd (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१०/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लुम्बिनी संसार ट्रेड्गि प्रा.लि.**/LumbiniSansar Trading Pvt. Ltd (**प्रा.लि.नं.**२१२२९२) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

**युएइमा रोजगार** कम्पनी : Aroma International Building Contracting L.L.C

पूर्व स्वीकृति मिति : २०८१/११/०२ LT. No. 318663 चलानी नं.६०२३३१७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 52 | 0 | 800 | ३०,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer/Shuttering Carpenter | 148 | 0 | 1200 | ४५,१५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १३ गते (25th Feb. 2025) मा हुनेछ।

कम्पनी : KIBSONS INTERNATIONAL LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/२३ LT. No. 305692 चलानी नं.६०२२०६५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Porter | 13 | 0 | 1300 | ४८,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १३ देखि १६ गते (25-28 Feb. 2025) सम्म हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**NOVA INTERNATIONAL PVT. LTD.**
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम ईजाजत नं. १०१९/०६८/०६९

**साउदीमा रोजगार** कम्पनी : Allied Star Contracting Company Limited

पूर्व स्वीकृति मिति : २०८१/०४/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/०५ LT. No. 308197 चलानी नं. ६०२२०९२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADER UNLOADER | 1 | 0 | 1000 | ३६,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १३ गते (25th Feb. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**सेवा हाइड्रो लिमिटेड**

**विशेष साधारणसभा सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१।११।०६)

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८१/११/४ आइतबार दिउँसो ३:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, स्थान र समय**

**मितिः** २०८१/११/२१ गते बुधबार अर्थात मार्च ५, २०२५। **समयः** बिहान ११:०० बजे।
**स्थानः** कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं म.न.पा.१०, बानेश्वर, काठमाडौं

**साधारण सभामा प्रस्तुत हुने विषयहरू:**

**विशेष प्रस्ताव**

१. पूँजी संरचना परिवर्तन गर्ने सम्बन्धमा। २. प्रबन्ध-पत्र सशोधन गर्ने सम्बन्धमा।
३. प्रस्तावित संशोधनको सम्बन्धमा नियामक निकायले कुनै फेरबदल वा थपघट वा परिमार्जन गर्न कुनै निर्देशन दिएको खण्डमा सोको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
४. हकप्रद शेयर जारी गर्ने सम्बन्धमा। ५. विविध

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**धरान उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धरान, सुनसरी, कोशी प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोलिने बारे सूचना**

**प्रकाशित मिति :- २०८१/११/०६ गते**

यस कार्यालयद्वारा मिति २०८१/०९/१५ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको ठेक्काका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम तोकिएको अवधिभित्र दर्ता हुन आएका प्राविधिक प्रस्ताव खोली मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन पश्चात तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावलीको नियम ३१ङ(५) अनुसार आर्थिक प्रस्ताव यही मिति २०८१/११/१३ गते मंगलवार दिनको १२:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| S.No. | Contract ID | Description of Work | Responsive Bidders |
|---|---|---|---|
| 1. | 10/DHARAN/ WORKS/NCB/ 081/82 | Road Maintenance work at different ward of Dharan Sub-Metropolitan City | a) Friendship- Bhattarai J/V, New Baneshwor (Kathmandu)<br>b) Aarsha-Baraji J/V, Biratnagar-4 (Morang)<br>c) R-One Construction, Itahari-4 (Sunsari) |


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

मंगलबार, ०६ फागुन, २०८१

| | |
|---|---|
| मेष | तत्काल फाइदाले परिस्थिति बिग्रने छ। |
| वृष | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने। |
| मिथुन | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ। |
| कर्कट | सुखद् समाचारले उत्साह जगाउन छ। |
| सिंह | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ। |
| कन्या | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव। |
| तुला | दिगो कामको जग बसाउन सकिने छ। |
| वृश्चिक | रमाइलो जमघटमा सहभागी बन्ने अजसर। |
| धनु | व्यस्तताले शरीरमा कमजोरी पना आउने। |
| मकर | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने। |
| कुम्भ | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने। |
| मीन | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०६ फागुन, २०८१ (१८ फेब्रुअरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३८.६२ | १३९.२२ |
| युरो | १ को | १४५.४५ | १४६.०८ |
| पाउन्ड स्टिर्लङ | १ को | १७४.४७ | १७५.२३ |
| स्विस फ्रैन्क | १ को | १५४.१२ | १५४.७८ |
| अस्ट्रेलियन डलर | १ को | ८८.०५ | ८८.४३ |
| क्यानाडियन डलर | १ को | ९७.७३ | ९८.१५ |
| सिङ्गापुर डलर | १ को | १०३.४९ | १०३.९३ |
| जापानी येन | १० को | ९.१० | ९.१४ |
| चिनियाँ युआन | १ को | १९.११ | १९.१९ |
| साउदी अरब रियाल | १ को | ३६.९६ | ३७.१२ |
| कतारी रियाल | १ को | ३८.०२ | ३८.१९ |
| थाई भाट | १ को | ४.१२ | ४.१४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.७४ | ३७.९० |
| मलेसियन रिङ्गेट | १ को | ३१.२६ | ३१.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.६२ | ९.६६ |
| स्विडिस क्रोनर | १ को | १२.९६ | १३.०२ |
| डेनिस क्रोनर | १ को | १९.४९ | १९.५८ |
| हङकङ डलर | १ को | १७.८१ | १७.८८ |
| कुवेती दिनार | १ को | ४४९.१९ | ४५१.१३ |
| बहराइन दिनार | १ को | ३६७.७८ | ३६९.३७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# हलेसीमा ग्यास सिलिण्डर लिक हुँदा आगलागी

## करिब साढे सात करोडको क्षति



**खोटाङ–** विश्वप्रसिद्ध त्रिधार्मिकस्थल खोटाङको हलेसी बजारमा भएको आगलागीमा सात करोड ३० लाख रूपैयाँभन्दा बढीको क्षति भएको छ । हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थानस्थित हलेसी बजारका पदमशेर राईको भान्सा कोठाबाट आइतबार राति सुरू भएको आगोले चारवटा घर, तीनवटा होटल, एउटा हार्डवेयर पसल, लघुवित्तको कार्यालयलगायत जलेर नष्ट भएको हो ।

आगलागीमा पदमशेरको काठ र जस्तापाताले बनेका तीनतले घर, पहिलो तलामा राखिएको हार्डवेयर पसल, दोस्रो तलामा सञ्चालित निर्धन उत्थान लघुवित्त संस्थाको कार्यालयलगायत सामग्री जलेर नष्ट हुँदा करिब चार करोड रूपैयाँबराबरको क्षति भएको प्रहरीको प्रारम्भिक प्रतिवेदनमा देखिएको निमित्त प्रमुख जिल्ला अधिकारी हीराधन राईले जानकारी दिएका छन् ।

निमित्त प्रमुख जिल्ला अधिकारी राईका अनुसार स्थानीय आइराख राईको न्यू-कल्याण होटल, चारतले पक्की घर र घरको पछाडिपट्टि दुईतले काठको घर गरी दुई करोड ५० लाख रूपैयाँबराबरको क्षति भएको छ । साँझ करिब ७ बजेदेखि सुरू भएको आगलागीमा परेर स्थानीय प्रकाशचन्द्र गिरीको हलेसी दर्शन होटलको फलामको ट्रसले बनेको एकतले भान्सा घर र दुईतले पक्की घरमा आंशिक क्षति हुँदा ३० लाख रूपैयाँबराबरको क्षति भएको जनाइएको छ । आइराख राईको घरसँगै जोडिएको भरणशेर राईको पारूहाङ होटल, चारतले पक्की भवनको दोस्रो र तेस्रो तलामा आंशिक क्षति हुँदा अन्दाजी ५० लाख रूपैयाँबराबरको क्षति भएको छ ।

आगलागीमा मानवीय क्षति नभए पनि ठूलो मात्रामा धनसम्पत्ति तथा भौतिक सामग्री जलेर नष्ट भएको हलेसी तुवाचुङ नगरपालिकाका प्रवक्ता एवं वडा नं ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिए । 'आगलागी नियन्त्रण गर्न बेलैमा सबैको सहयोग उपलब्ध भयो । रातको समयमा भए पनि मानवीय क्षति हुनबाट जोगाउन सफल भयौं,' उनले भने, 'आगलागीपीडितका लागि राहत उपलब्ध गराउन विभिन्न निकायसँग समन्वय गरिरहेका छौं । संकलित राहत एकद्वार प्रणालीमार्फत वितरण गर्ने सर्वपक्षीय निर्णय गरिएको छ ।'

आगो नियन्त्रणमा रणभीम गण मुढे ब्यारेक, सशस्त्र प्रहरी बल ७ नं वाहिनी हलेसी गुल्म, नेपाल प्रहरी, जिल्ला प्रशासन, स्थानीय तह, स्थानीयलगायत गरी करिब ५०० जना खटिएका थिए । स्थानीय पदमशेर राईको ग्यास पसल नजिकै रहेको भान्सा कोठाबाट आइतबार साँझ करिब ७ बजेतिर सुरू भएको आगो साढे चार घण्टापछि साढे ११ बजेतिर नियन्त्रणमा आएको थियो ।

सुक्खाग्रस्त क्षेत्रमा पर्ने हलेसीमा भएको आगलागी नियन्त्रणमा लिनका लागि पानी अभाव भएकाले समस्या भएको इलाका प्रहरी कार्यालय हलेसीका प्रमुख प्रहरी निरीक्षक हेमन्त राईले जानकारी दिए । हिन्दू, बौद्ध, किरात धर्मावलम्बीको संगमस्थल हलेसी बजारमा भएको आगलागीका घटनालाई दमकल अभावका कारण समयमै नियन्त्रण गर्न नसक्दा ठूलो क्षति भएको हो ।

हलेसी बजारमा भएको आगलागी सबैको सहयोगले तत्कालै नियन्त्रणमा लिन सफल भएको हलेसी तुवाचुङ नगरपालिकाकी नगरप्रमुख विमला राईले जानकारी दिइन् । 'नगरपालिकामा दमकल छैन । दमकल नहुँदा आगलागी नियन्त्रणमा निकै समस्या भयो । तर, उपलब्ध स्रोत र साधन प्रयोग गरेर करिब साढे चार घण्टापछि आगो नियन्त्रणमा लिन सफल भयौं,' उनले भनिन्, 'आगलागीमा ठूलो क्षति भएको छ । क्षति भए जति त आगलागीपीडितलाई राहत उपलब्ध गराउन सक्दैनौं । यद्यपि, गृहमन्त्री, सम्बन्धित मन्त्रालयलगायतसँग समन्वय भइरहेको छ । आगलागीपीडितका लागि चाँडै मल्हमपट्टि लगाउने प्रयास गरिरहेका छौं ।'

हलेसीमा भएको आगलागीका घटनाका विषयमा विभिन्न निकायले दुःख व्यक्त गर्दै आगलागीपीडितका लागि तत्काल क्षतिपूर्ति उपलब्ध गराउन सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल लगायतले आगलागीपीडितका लागि तत्काल राहतको व्यवस्था गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएका हुन् । *रासस*

## हलेसीको आगलागीबारे सरकारको ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरूले खोटाङ हलेसी तुवाचुङ नगरपालिका-७ मा भएको आगलागी एवं समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

सांसद सरस्वती बजिमयले आइतबार भएको खोटाङको आगलागीमा पूजा सामग्री पसल र दोस्रो तल्लामा रहेको एक लघुवित्तको कार्यालयलगायतमा क्षति पुगेकाले पीडितलाई यथाशीघ्र राहत दिन माग गरिन् । आगलागीबाट हुनसक्ने ठूलो क्षतिबाट बचाउन सुरक्षाकर्मी, जनप्रतिनिधि र स्थानीयले योगदान गरेको पनि उनले सुनाइन् । सुरक्षाकर्मी, जनप्रतिनिधि र स्थानीयवासीले ग्यास सिलिण्डर बाहिर फालेका कारण आगो धेरैतिर फैलन नपाएको सांसद बजिमयले बताइन् ।

अर्का सांसद रामकुमार राईले खोटाङको आगलागीमा सात करोड रूपैयाँको क्षति भएको, दुई घर जलेर नष्ट भएको सुनाए । नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्थानीय तहका जनप्रतिनिधिले मिलेर आगलागी नियन्त्रण गरेको उनले जानकारी दिए । तत्काल आगलागीपीडितलाई क्षतिपूर्ति र राहतको व्यवस्था गर्न उनले माग गरे ।


### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/११/०६**

यस कम्पनीको मिति २०८१/१०/०८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **हाईगेट कलेज प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **मेराकी लक्जरी स्पा प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१०/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **मेराकी लक्जरी स्पा प्रा.लि.** (प्रा.लि.नं.२८७९३७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन भएको सार्वजनिक सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता मिति २०७५।०९।१२ मा दर्ता नं. १८२२३२/०७४/०७५ मा दर्ता भै संचालनमा रहेको स्टेप अन हिमालया प्रा.लि.कम्पनीको मिति २०८०।१०।०९ मा बसेको बार्षिक साधारण सभाको निर्णय बमोजीम कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनी रेक्रिएसन होलिडेज प्रा.लि. ले सकार्ने बेहार्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०८०।१०।१२ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गर्ने स्वीकृति तथा अभिलेख प्रदान गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### लक्ष्य बहुउद्देश्यीय सहकारी संस्था लि.

**जोरपाटी काठमाडौँ**

**सम्पर्कः ०१-४९१६३६३**

### साधारण सभासम्बन्धी सूचना !

***प्रकाशित मिति २०८१/११/०६ गते***

आदरणीय शेयर सदस्य महानुभावहरू यस संस्थाको मिति २०८१/१०/२५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको **वार्षिक साधारण सभा** निम्न प्रस्तावउपर छलफल गरी निर्णय गर्नका लागि निम्न मिति, स्थान र समयमा साधारण सभा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानभावहरूको गरिमामय अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०८१/११/२१ गते
स्थान :- संस्थाको कार्यलय जोरपाटी
समय : विहानको ११:०० बजे

**वार्षिक साधारण सभाका प्रस्तावहरू**

१. सञ्चालक समितिको तर्फवाट अध्यक्षले प्रस्तुत गर्नहुने आ.व.२०८१/२०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा
२. आ.व.२०८१/०८२ को विवरण सहितको लेखा परिक्षण प्रतिवेदनमा छलफल गरी पारित गर्ने सम्बन्धमा
३. नयाँ सञ्चालक समिति गठन गर्ने सम्बन्धमा
४. विविध ।

**सञ्चालक समिति**

### भावपूर्ण श्रद्धाञ्जली



**जन्म मिति**
वि.सं. १९८१ साल

**स्वर्गारोहण मिति**
वि.सं. २०८१ साल
माघ २५ गते

**स्व. तिल कुमारी खड्का**

मेरी प्रात स्मरणीय श्रीमती **तिल कुमारी खड्काको** १०० वर्षको उमेरमा मिति २०८१/१०/२५ गतेका दिन भएको आकस्मिक निधनमा हामी मर्माहित भएका बेला हामीलाई समवेदना प्रकट गर्नुहुने हाम्रा समस्त आफन्तजन, साथीभाई र छरछिमेकहरु प्रति हामी हार्दिक आभार व्यक्त गर्न चाहन्छौ ।

**पति-** कुवेरसिंह खड्का
**छोराबुहारी-** डा. नारायण सिंह खड्का
केशव खड्का/पूर्ण खड्का
शेष ब. खड्का/तारा खड्का
अजित खड्का/भन्जु खड्का
डा. नारायण सिंह खड्का/भावना खड्का
**नातिहरू-** उपेन्द्र खड्का/रन्जिता खड्का
जयन्द्र खड्का/गीता खड्का
योगेन्द्र खड्का/देवी खड्का
अश्रेय खड्का
डा. नासत्य खड्का/डा. पूजा खड्का
इ. दस्र खड्का/इ. सचिता खड्का
इ. अतुल सिंह खड्का
अभिक सिंह खड्का
दर्शन खड्का

**छोरी**
रमादेवी खड्का
**नातिहरूः**
डा. पुष्प विष्ट / डा. भावना विष्ट
मेजर शैलेन्द्र विष्ट / मनिता विष्ट
इ. साजन विष्ट

**नातिनी तथा नातिज्वाँइ**
उमा खड्का/दिल प्रसाद खड्का
इ. अर्चना खड्का/इ. पुकार कडेल
प्राप्तिश्री खड्का, सर्वश्री खड्का
स्वेच्छा श्री खड्का, यास्ना खड्का
यारीका खड्का
**पनाति-** अनिर्माण प्रताप सिंह खड्का

**सम्पूर्ण खड्का परिवार**

### कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल फागुन महिना ६ गते मंगलबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : वीरगंज शाखा** — **कर्जा शिर्षक : व्यावसायिक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **न्यु नैनसि ट्रेडर्स** प्रोप्राइटरको नाम : संगीता गोस्वामी प्रा.फ.र.नं. : ३१२९५/०६९/७०
दर्ता गर्ने कार्यालय : वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज दर्ता मिति : २०६९/०३/१७
रजिष्टर्ड ठेगाना : पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. ११ स्थायी लेखा नं. : ६०१२३१३३७

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) राजेश्वर गिरीको छोरी सुरेन्द्र पुरीको बुहारी उमेश कुमार पुरीको पत्नी पर्सा जिल्ला औराहा वडा नं. ५ हाल, वीरगंज म.न.पा. वडा नं. २० बस्ने **संगीता गोस्वामी** (ना.प्र.नं. : ०३१८२२० जारी मिति र जिल्ला : २०५६/१२/२१ र पर्सा)
२) जर्नादन पुरीको नाति सुरेन्द्र पुरीको छोरा पर्सा जिल्ला हरपतगंज वडा नं. ६ हाल, वीरगंज म.न.पा. वडा नं. २० बस्ने **उमेश कुमार पुरी** (ना.प्र.नं. : ३६६१२८४६ जारी मिति र जिल्ला : २०५७/०२/०९ र पर्सा)
३) देवनारायणी पुरीको नाति जर्नादन पुरीको छोरा पर्सा जिल्ला हरपतगंज गा.वि.स. वडा नं. ६ हाल, वीरगंज म.न.पा. वडा नं. २० बस्ने **सुरेन्द्र पुरी** (ना.प्र.नं. : ३६६१०७३९ जारी मिति र जिल्ला : २०३५/११/१५ र पर्सा)
४) नारायण गिरीको छोरी जर्नादन पुरीको बुहारी सुरेन्द्र पुरीको पत्नी पर्सा जिल्ला हरपतगंज वडा नं. ६ हाल, वीरगंज म.न.पा. वडा नं. २० बस्ने **मीरा देवी अथितिन** (ना.प्र.नं. : २१६७ जारी मिति र जिल्ला : २०४६/०३/०४ र पर्सा)
५) जर्नादन पुरीको नाति सुरेन्द्र पुरीको छोरा पर्सा जिल्ला हरपतगंज वडा नं. ६ हाल, वीरगंज म.न.पा. वडा नं. २० बस्ने **अजय कुमार पुरी** (ना.प्र.नं. : ३४१०३५/३८३ जारी मिति र जिल्ला : २०६७/०८/०५ र पर्सा)

**२) शाखा कार्यालय : वीरगंज शाखा** — **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

जर्नादन पुरीको नाति सुरेन्द्र पुरीको छोरा पर्सा जिल्ला हरपतगंज वडा नं. ६ हाल, वीरगंज म.न.पा. वडा नं. २० बस्ने **उमेश कुमार पुरी** (ना.प्र.नं. : ३६६१२८४६ जारी मिति र जिल्ला : २०५७/०२/०९ र पर्सा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) राजेश्वर गिरीको छोरी सुरेन्द्र पुरीको बुहारी उमेश कुमार पुरीको पत्नी पर्सा जिल्ला औराहा वडा नं. ५ हाल, वीरगंज म.न.पा. वडा नं. २० बस्ने **संगीता गोस्वामी** (ना.प्र.नं. : ०३१८२२० जारी मिति र जिल्ला : २०५६/१२/२१ र पर्सा)
२) देवनारायणी पुरीको नाति जर्नादन पुरीको छोरा पर्सा जिल्ला हरपतगंज गा.वि.स. वडा नं. ६ हाल, वीरगंज म.न.पा. वडा नं. २० बस्ने **सुरेन्द्र पुरी** (ना.प्र.नं. : ३६६१०७३९ जारी मिति र जिल्ला : २०३५/११/१५ र पर्सा)
३) नारायण गिरीको छोरी जर्नादन पुरीको बुहारी सुरेन्द्र पुरीको पत्नी पर्सा जिल्ला हरपतगंज वडा नं. ६ हाल, वीरगंज म.न.पा. वडा नं. २० बस्ने **मीरा देवी अथितिन** (ना.प्र.नं. : २१६७ जारी मिति र जिल्ला : २०४६/०३/०४ र पर्सा)
४) जर्नादन पुरीको नाति सुरेन्द्र पुरीको छोरा पर्सा जिल्ला हरपतगंज वडा नं. ६ हाल, वीरगंज म.न.पा. वडा नं. २० बस्ने **अजय कुमार पुरी** (ना.प्र.नं. : ३४१०३५/३८३ जारी मिति र जिल्ला : २०६७/०८/०५ र पर्सा)

**३) शाखा कार्यालय : वीरगंज शाखा** — **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

जर्नादन पुरीको नाति सुरेन्द्र पुरीको छोरा पर्सा जिल्ला हरपतगंज वडा नं. ६ हाल, वीरगंज म.न.पा. वडा नं. २० बस्ने **अजय कुमार पुरी** (ना.प्र.नं. : ३४१०३५/३८३ जारी मिति र जिल्ला : २०६७/०८/०५ र पर्सा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) राजेश्वर गिरीको छोरी सुरेन्द्र पुरीको बुहारी उमेश कुमार पुरीको पत्नी पर्सा जिल्ला औराहा वडा नं. ५ हाल, वीरगंज म.न.पा. वडा नं. २० बस्ने **संगीता गोस्वामी** (ना.प्र.नं. : ०३१८२२० जारी मिति र जिल्ला : २०५६/१२/२१ र पर्सा)
२) देवनारायणी पुरीको नाति जर्नादन पुरीको छोरा पर्सा जिल्ला हरपतगंज गा.वि.स. वडा नं. ६ हाल, वीरगंज म.न.पा. वडा नं. २० बस्ने **सुरेन्द्र पुरी** (ना.प्र.नं. : ३६६१०७३९ जारी मिति र जिल्ला : २०३५/११/१५ र पर्सा)
३) नारायण गिरीको छोरी जर्नादन पुरीको बुहारी सुरेन्द्र पुरीको पत्नी पर्सा जिल्ला हरपतगंज वडा नं. ६ हाल, वीरगंज म.न.पा. वडा नं. २० बस्ने **मीरा देवी अथितिन** (ना.प्र.नं. : २१६७ जारी मिति र जिल्ला : २०४६/०३/०४ र पर्सा)
४) जर्नादन पुरीको नाति सुरेन्द्र पुरीको छोरा पर्सा जिल्ला हरपतगंज वडा नं. ६ हाल, वीरगंज म.न.पा. वडा नं. २० बस्ने **उमेश कुमार पुरी** (ना.प्र.नं. : ३६६१२८४६ जारी मिति र जिल्ला : २०५७/०२/०९ र पर्सा)

**४) शाखा कार्यालय : वीरगंज शाखा** — **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

लक्ष्मण महतो कोईरीको नाति सुबदार महतो कोईरीको छोरा रौतहट जिल्ला सरमुजवा वडा नं. ७ हाल, बौधीमाई गा.पा. वडा नं. ७ बस्ने **सुरेश प्रसाद कुशवाहा** (ना.प्र.नं. : २२२१ जारी मिति र जिल्ला : २०५३/१२/१९ र रौतहट)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) पराउ महतो कोईरीको नाति लक्ष्मण महतो कोईरीको छोरा रौतहट जिल्ला सरमुजवा वडा नं. ७ हाल, बौधीमाई गा.पा. वडा नं. ७ बस्ने **सुवदार महतो कोईरी** (ना.प्र.नं. : १४३१ जारी मिति र जिल्ला : २०४३/०९/२९ र रौतहट)
२) रामएकवाल महतो कोइरीको छोरी सुबदार महतो कोईरीको बुहारी सुरेश प्रसाद कुशवाहाको पत्नी रौतहट जिल्ला सरमुजवा वडा नं.७ हाल, बौधीमाई गा.पा. वडा नं. ७ बस्ने **उर्मिला कुमारी देवी** (ना.प्र.नं. : ३२३/०४०/९६७ जारी मिति र जिल्ला : २०६३/१२/०१ र रौतहट)

**५) शाखा कार्यालय : धादिङबेसी शाखा** — **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

चामे कुमालको नाति विष्णे कुमालको छोरा धादिङ जिल्ला नीलकण्ठ न.पा. वडा नं. ८ बस्ने **लोक बहादुर कुमाल** (ना.प्र.नं. : २६-०१-७१-०९०७९ जारी मिति र जिल्ला : २०७१/१२/२४, धादिङ)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) विष्णे कुमालको बुहारी लोक बहादुर कुमालको पत्नी धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ८ बस्ने **कविता कुमाल** (ना.प्र.नं. : २६-०१-७५-०२४५७ जारी मिति र जिल्ला : २०७५/०२/३०, धादिङ)
२) चामे कुमालको बुहारी विष्णे कुमालको पत्नी धादिङ जिल्ला मुरलीभञ्ज्याङ वडा नं. २ हाल, निलकण्ठ न.पा. वडा नं. ८ बस्ने **सितामाया कुमाल** (ना.प्र.नं. : ७९८ जारी मिति र जिल्ला : २०४९/०८/२८, धादिङ)
३) सुइरे कुमालको नीत जित बहादुर कुमालको छोरा धादिङ जिल्ला निलकण्ठ वडा नं. ८ हाल निलकण्ठ न.पा. वडा नं. ८ बस्ने **सिताराम** कुमाल (ना.प्र.नं. : २६-०१-७१-०५३६० जारी मिति र जिल्ला : २०७१/०८/०९, धादिङ)

**६) शाखा कार्यालय : धादिङबेसी शाखा** — **कर्जा शीर्षक : व्यावसायीक आवाधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **वि.एस.वि. पशुपालन फर्म** प्रोप्राइटरको नाम : पारसमणी लंसाल प्रा.फ.द.प्र.प.नं. : ५४२६/०७४/०७५
दर्ता जारी गर्ने कार्यालय : नीलकण्ठ नगर कार्यपालिका, उद्योग विकास शाखा, धादिङबेसी धादिङ, ३ नं. प्रदेश
दर्ता मिति : २०७४/०८/१४ रजिष्टर्ड ठेगाना : धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. १२
स्थायी लेखा नं. : ६०१६८३४६२

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) रुद्रनाथ लंसालको नाति यदु कुमार लंसालको छोरा धादिङ जिल्ला मुरली भञ्ज्याङ वडा नं. ५ हाल, निलकण्ठ न.पा. वडा नं. १२ बस्ने **पारसमणि लंसाल** (ना.प्र.नं. : ४०१४ जारी मिति र जिल्ला : २०५०/१०/१५, धादिङ)
२) यदु कुमार लंसालको बुहारी पारसमणी लंसालको पत्नी धादिङ जिल्ला मुरली भञ्ज्याङ वडा नं. ५ हाल, निलकण्ठ न.पा. वडा नं. १२ बस्ने **गंग कुमारी लंसाल** (ना.प्र.नं. : २/६००३ जारी मिति र जिल्ला : २०६०/०७/१३, धादिङ)
३) यदु कुमार लंसालको नाति पारसमणी लंसालको छोरा धादिङ जिल्ला निलकण्ठ वडा नं. ९ हाल, निलकण्ठ न.पा. वडा नं. १२ बस्ने **विशाल लंसाल** (ना.प्र.नं. : २६-०१-७७-०२९५९ जारी मिति र जिल्ला : २०७७/०८/२६, धादिङ)
४) यदु कुमार लंसालको नाति पारसमणी लंसालको छोरा धादिङ जिल्ला निलकण्ठ वडा नं. १२ हाल, निलकण्ठ न.पा. वडा नं. १२ बस्ने **विनोद लंसाल** (ना.प्र.नं. : २६-०१-७१-०१२३२ जारी मिति र जिल्ला : २०७१/०२/१८, धादिङ)

**७) शाखा कार्यालय : धादिङबेसी शाखा** — **कर्जा शीर्षक : व्यावसायीक आवाधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **पि.जि. बाख्रा तथा तरकारी फार्म** प्रोप्राइटरको नाम : गंगा कुमारी लंसाल
प्रा.फ.द.नं. : ३११/९३३८/०७८/०७९
दर्ता जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता मिति : २०७८/०७/१४
रजिष्टर्ड ठेगाना : धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. १२ स्थायी लेखा नं. : १२२२४२९७७

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) यदु कुमार लंसालको बुहारी पारसमणी लंसालको पत्नी धादिङ जिल्ला मुरली भञ्ज्याङ वडा नं. ५ हाल, निलकण्ठ न.पा. वडा नं.१२ बस्ने **गंग कुमारी लंसा**ल (ना.प्र.नं. : २/६००३ जारी मिति र जिल्ला : २०६०/०७/१३, धादिङ)
२) रुद्रनाथ लंसालको नाति यदु कुमार लंसालको छोरा धादिङ जिल्ला मुरली भञ्ज्याङ वडा नं. ५ हाल, निलकण्ठ न.पा. वडा नं. १२ बस्ने **पारसमणि लंसा**ल (ना.प्र.नं. : ४०१४ जारी मिति र जिल्ला : २०५०/१०/१५, धादिङ)
३) यदु कुमार लंसालको नाति पारसमणी लंसालको छोरा धादिङ जिल्ला निलकण्ठ वडा नं. ९ हाल, निलकण्ठ न.पा. वडा नं. १२ बस्ने **विशाल लंसाल** (ना.प्र.नं. : २६-०१-७७-०२९५९ जारी मिति र जिल्ला : २०७७/०८/२६, धादिङ)
४) यदु कुमार लंसालको नाति पारसमणी लंसालको छोरा धादिङ जिल्ला निलकण्ठ वडा नं. १२ हाल, निलकण्ठ न.पा. वडा नं. १२ बस्ने **विनोद लंसाल** (ना.प्र.नं. : २६-०१-७१-०१२३२ जारी मिति र जिल्ला : २०७१/०२/१८, धादिङ)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# प्रश्नबाट आत्तिएको सरकार

प्रश्न गरेरै सत्तामा पुगेका नेताहरू हिजोआज प्रश्न गर्ने मिडिया देख्नासाथ कुदिहाल्ने दृश्य सामाजिक सञ्जालमा छाएकै छ । सत्तारुढ दलका शीर्ष नेताहरू अचेल सकेसम्म मिडिया 'स्किप' गरिरहेका छन् । सवालजवाफमै उत्रिए आफूनिकटको र आफूअनुकूलको मिडियासँगमात्र बोल्छन् ।

स्टन्ट, लोकप्रियवाद र व्यक्तिवादका भऱ्याङ चढेर सत्तामा उक्लिएका नेता हुन्, प्रधानमन्त्री केपी शर्मा ओली । कुनै बेला उखान टुक्का र कथा हालेर जनतालाई मक्ख पार्नसक्ने ओलीमाथि हिजोआज भने तिनै जनता सत्तोसराप गर्नतिर लागेका छन् । पार्टीमा आफ्नो आलोचना गर्नेलाई निषेधको रणनीति लिएका ओली यही कारण 'डिफेन्सिभ' र आक्रामक बन्न थालेका छन् ।

गत असार मसान्तमा सत्ता सम्हालेका प्रधानमन्त्री ओलीको यो कार्यकालको काम लगभग नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले भनेझैं 'यो सरकार ढल्दैन' भनेर बितेको छ । जनता र मिडियाको प्रश्नबाट भागेका ओलीले आइतबार भने प्रतिनिधिसभामै सांसदहरूको प्रश्न सामना गर्नुपऱ्यो । एकीकृत समाजवादीका सांसद प्रकाश ज्वाला, माओवादीका सांसद वर्षमान पुन र आमजनता पार्टीका प्रभु शाहको प्रश्नमा ओली निकै आक्रोशित र असंवेदनशील बनेको देखिए । प्रतिनिधिसभा जनताले चुनेर पठाएको प्रतिनिधिहरूको सभा हो । यही सभाबाट कार्यपालिका अर्थात् सरकार प्रमुख चुनिन्छन् । त्यसैले व्यवस्थापिकाप्रति प्रधानमन्त्री उत्तरदायी हुनुपर्ने हो ।

तर सांसदहरूको प्रश्नमा ओलीको प्रतिशोध, हेलाहोचो प्रवृत्ति कति पनि सुहाउँदो थिएन । पहिले मन्त्री नै भइसकेका भए पनि सरकारबाट बाहिरिएपछि मन्त्रालयका काममा 'एक्सेस' पाइँदैन । त्यसैले पूर्वमन्त्रीले प्रधानमन्त्रीलाई प्रश्न गर्न पाइन्छ । यसैगरी एक्लो सांसद देखेर झर्को र फर्को गर्ने हक प्रधानमन्त्रीलाई छैन । प्रधानमन्त्री ओलीले प्रभु साहमाथि गरिएको व्यवहारमा संवेदनहीनता झल्कन्थ्यो । कतिसम्म भने प्रधानमन्त्रीले साहको प्रश्नको जवाफसमेत दिन उचित ठानेनन् । प्रतिपक्षी नेताको सम्बोधनमा प्रश्नको सामना गर्नुपर्छ भनेर सदनमै गयल भएका प्रधानमन्त्री ओलीमाथि गतिलो प्रश्न साहले गरेका थिए । तर साहमाथि ओलीले मानमर्दन गर्ने काम गरे । उल्टै ओलीको दल एमालेका प्रमुख सचेतक महेश बर्तौलाले साहले प्रधानमन्त्रीको मानमर्दन गरेको दाबी गरे ।

प्रधानमन्त्री र सत्ताका नेताहरू कतिञ्जेल प्रश्नबाट भाग्ने ? भोलिको ब्याटलग्राउन्ड निर्वाचन नै हो । फेरि प्रश्न आफैंबाट सुरु गर्नुपर्ने दिन पनि आउन सक्छ । प्रश्न ऐना हो । आफू सुध्रने मौका हो । त्यसैले देशको अभिभावकजस्तो पदमा बसेका प्रधानमन्त्रीले यस्तो व्यवहार सुधारोस् ।

# नेपाली महिला टोलीप्रति अपेक्षा



■ राजु सिलवाल

> नेपालमा महिला फुटबलको विकासका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलजस्ता विभागीय टोलीहरूको उल्लेखनीय भूमिका रहँदै आएको छ । यसपालिको प्रतियोगितामा पनि नेपाली टोलीमा अधिकांश खेलाडीहरु विभागीय टोलीबाटै छनोट भएका छन् । व्यावसायिक खेलाडीका रूपमा युरोप र अन्य मुलुकमा अनुभव हासिल गरेर आएका नेपाली खेलाडीहरूकै खेलमा नेपाली टोलीको भविष्य निर्भर रहेको छ । घरेलु दर्शकहरूको अपार समर्थन र साथले सकारात्मक नतिजा जुटाउन पक्कै सहयोग गर्ने आशा गर्न सकिन्छ ।

काठमाडौंमा तापक्रम बिस्तारै बढ्दै चिसो घटेर गएसँगै खेलको माहोल पनि तातिने भएको छ । सोमबार फागुन ५ गतेदेखि दशरथ रंगशालामा अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिप फुटबल प्रतियोगिता सुरु भएको छ । गत तिहारअघि चिसोयाम भर्खरै सुरु भएको अवस्थामा नेपाली दर्शकहरू राति रंगशालामा उपस्थित भएर नेपाली महिला टोलीको पक्षमा जुटेका थिए । उक्त सातौं साफ महिला च्याम्पियनसिप प्रतियोगितामा नेपालले राम्रो खेल प्रदर्शन गरेको अवस्थामा पनि फाइनलमा पराजित भएपछि निराश भएका दर्शकहरूको खुसी फर्काउने अवसर फेरि नेपाली टोलीमाथि आएको छ । यसका लागि गत नेपाली राष्ट्रिय महिला फुटबल टोलीका मुख्य प्रशिक्षक राजेन्द्र तामाङदेखि विभिन्न मुलुकमा व्यावसायिक खेल खेलिरहेका खेलाडीहरूसमेत टोलीमा फर्केका छन् ।

यसपालि अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिपमा नेपाल, स्यान्मा, लेबनान र कीर्गिस्तानका चार टोलीको सहभागिता रहेको छ । फोर नेसन्स फुटबल प्रतियोगिता आगामी एएफसी एसियन कप तथा फिफा विश्वकप फुटबल प्रतियोगिताको छनोट चरणमा नेपालको सहभागिताको तयारीका सिलसिलामा आयोजना गरिएको हो । सो फुटबल प्रतियोगिताका सबै खेल अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा)को अन्तर्राष्ट्रिय 'विन्डोज'मा हुने भएकाले अन्तर्राष्ट्रिय मान्यता पाउने निश्चित छ । निर्धारित खेल तालिकाअनुसार सहभागी सबै टोलीले आपसमा खेल्ने छन् । लिग चरणमा दिनको दुईवटा खेल हुने भएको छ । यसअनुसार नेपालले सबै खेल साँझ ६ बजे 'फ्लड लाइट'मा खेल्ने छ । नेपालले लिग चरणअन्तर्गत प्रतियोगिताको पहिलो दिन सोमबार कीर्गिस्तानसँग खेल्दै १-० गोलको जित हात पारेको छ । दोस्रो खेल फागुन ८ गते लेबनानसँग तथा फागुन ११ गते म्यान्मासँग खेल्ने कार्यक्रम रहेको छ ।

नेपाली महिला राष्ट्रिय फुटबल टोलीले विगत केही वर्षयता सन्तोषजनक प्रदर्शन गर्दै आइरहेको छ । नेपाली महिला टोली फिफा वरीयताक्रममा १०३औं स्थानमा रहेको छ । सन् २०१७ मा नेपाल फिफा वरीयताक्रममा सुधार हुँदै ९१औं स्थानमा पुगिसकेको थियो । अखिल नेपाल फुटबल संघले पुरुष टोलीको तुलनामा महिला टोलीलाई कम प्राथमिकता दिएको देखिएको भएता पनि विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली महिला टोलीले उल्लेखनीय प्रदर्शन गर्दै महिला टोलीलाई प्राथमिकता तथा सुविधा बढाउन बाध्य बनाउँदै आएको मान्न सकिन्छ ।

गत सातौं साफ महिला च्याम्पियनसिपको लिगको बेला नेपाली खेलाडीहरूले प्रशंसनीय खेल प्रस्तुत गरेका थिए । खेलाडीहरूले उत्कृष्ट गोलहरू गरेका थिए । अझ उल्लेखनीय पक्ष त धेरैपटक उपाधि जितिसकेको भारतलाई सेमिफाइनलमा पराजित गरेर नेपाली खेलाडीहरूले आफ्नो आत्मविश्वास बढाएका थिए । यसअघि भारतीय टोलीसँग पटक-पटक पराजित हुँदै आएको नेपालले भारतलाई हराउन सफल हुनु महत्त्वपूर्ण उपलब्धि थियो । तर फाइनलमा नेपाली टोली बंगलादेशसँग एक गोलका विरुद्ध दुई गोलले पराजित भएर विगतमा जस्तै उपविजेतामै सीमित रहनु परेता पनि नेपाली खेलाडीहरूले दर्शकहरूको मन भने जितेका थिए । नेपाली खेलाडीहरूले अथक प्रयत्न गर्दा पनि तथा घरेलु दर्शकहरूको अपार समर्थन पाउँदा पनि भोग्नुपरेको पराजय खेलाडी तथा समर्थकहरूले अझै भुलेका छैनन् ।

### दोहरिएका प्रशिक्षक

सातौं साफ महिला च्याम्पियनसिपका बेला नेपाली टोलीका मुख्य प्रशिक्षक राजेन्द्र तामाङ थिए । प्रतियोगितामा नेपाल पराजित भएपछि उनले प्रशिक्षकबाट राजीनामा दिएका थिए । यसपालि पनि उनलाई नै टोली प्रशिक्षणको जिम्मेवारी दिइएको छ । तर उनलाई टोलीको जिम्मेवारी दिइएको समय भने केही दिनअघि मात्र हो । उनले ३० जना खेलाडी छनोट गरेर बन्द प्रशिक्षण सुरु गरेका थिए, जसबाट उनले २३ जनालाई अन्तिम छनोट गरेका छन् । केही दिनको प्रशिक्षणले खासै फरक त पर्दैन । तर मुख्य प्रशिक्षक तामाङ खेलाडीहरूको व्यक्तिगत कौशलबारे जानकार रहेकाले उनको रणनीतिले टोलीको आगामी प्रदर्शनमा पक्कै प्रभाव पर्ने छ । मुख्य प्रशिक्षक तामाङले नेपालले जित्ने लक्ष्यका साथ तयारी गरिरहेको जानकारी दिएका छन् ।

### साम्बाप्रति अपेक्षा

नेपाली महिला राष्ट्रिय टोलीमा अत्यन्त भरपर्दो खेलाडीका रूपमा परिचित सावित्रा भण्डारी 'साम्बा'ले आफ्नो परिचय दक्षिण एसियाकै उत्कृष्ट खेलाडीका रूपमा बनाएकी छन् । नेपाली राष्ट्रिय टोलीकी अग्रपंक्तिकी खेलाडी साम्बाले विभिन्न ५२ म्याचमा ५३ गोल गरिसकेकी छन् । उनलाई दक्षिण तथा मध्यएसियाकै उत्कृष्ट 'स्ट्राइकर' मानिन्छ । भारत, इजरायललगायतका मुलुकमा व्यावसायिक खेलाडीका रूपमा आफ्नो पहिचान बनाउन सफल उनी हाल फ्रान्समा इए एभान्ट गुइगाम्प क्लबका तर्फबाट दोस्रो 'सिजन'मा युरोपेली लिग खेलिरहेकी छन् । उनी युरोपेली लिगमा खेल्न जाने पहिलो नेपाली खेलाडी हुन् । साम्बा फ्रान्सेली टोलीबाट सोझै राष्ट्रिय टोलीमा फर्किएकी छन् ।

### रेखा पनि टोलीमा

सातौं साफ च्याम्पियनसिपका बेला भुटानी रेफ्री ओम चोकीले दोहोरो पहेँलो कार्डसहित रातो कार्ड देखाएर मैदानबाट निकालेकी नेपालकी रेखा पौडेल संयुक्त अरब इमिरेटसबाट स्वदेश आएर महिला च्याम्पियनसिप खेल्दै छिन् । उनी अबुधाबी कन्ट्री क्लबका तर्फबाट युएई महिला लिगमा सहभागिता जनाएकी छन् । उनलाई नेपालकी पहिलो रोजाइकी स्ट्राइकरका रूपमा लिइन्छ । साफ च्याम्पियनसिपका बेला उनले कूल सात गोल गरेकी थिइन् ।

### नायिका बनेकी कप्तान

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा गोलकिपर अञ्जिला तुम्बापोको वास्तविक जीवनमा आधारित कथानक चलचित्र 'अञ्जिला' को सार्वजनिक प्रदर्शन अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिप समाप्त भएलगत्तै फागुन २९ गतेदेखि हुँदै छ । फुटबल खेल्नका लागि उनले सानैदेखि संघर्ष गर्दै सफलता प्राप्त गरेको कथा चलचित्रमा देखाइएको छ । चलचित्र निर्देशक मिलन चाम्सको निर्देशन रहेको उक्त चलचित्रमा प्रख्यात अभिनेता दयाहाङ राई, विजय बराल, बुद्धि तामाङलगायतका कलाकारले अभिनय गरेका छन् । उक्त चलचित्रको हङकङमा प्रिमियर सो हुँदा पनि अञ्जिला सहभागी भएकी थिइन् । नेपालमा अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिप खेल्नका लागि अञ्जिला ग्रिसबाट आइसकेकी छन् । उनी युरोपियन लिग फुटबल खेल्न ग्रिसको 'ए डिभिजन'को क्लब निस अट्रोमिटउ क्लबसँग आबद्ध रहेकी छन् ।

### नेपालमा सुरुआत

नेपालले सन् १९८६ मा पहिलोपटक एएफसी वुमन्स च्याम्पियनसिपमा नेपाली महिला राष्ट्रिय टोलीलाई सहभागिताका लागि पठाएको थियो । त्यतिखेर पहिलो दिनको खेलमा नेपाल हङकङसँग १-० गोलले पराजित भएको थियो । त्यसपछि नेपाल सन् १९८९ तथा १९९९ मा एएफसी वुमन्स च्याम्पियनसिपमा सहभागी भएको भएता पनि समूह चरणभन्दा माथि पुग्न सकेन । नेपाली महिला फुटबल टोलीसँग नेपाली फुटबलप्रेमीहरूको अपेक्षा प्रतियोगिता विजेता बनेको देख्न पाउनु हो । नेपाल साफ महिला च्याम्पियनसिपमा छपटक तथा दक्षिण एसियाली खेलकुदको महिला फुटबलमा तीनपटक उपविजेता बनिसकेको छ । साउदी अरेबियामा भएको वाफ महिला च्याम्पियनसिप फुटबलमा पनि नेपाल उपविजेता बनेको थियो ।

### सहभागी टोलीहरूको स्थिति

लेबनानः लेबनानको महिला राष्ट्रिय फुटबल टोलीले सन् २००५ देखि सक्रिय रूपमा विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुँदै आइरहेको छ । सो टोलीले हालसम्म खेलेका ५९ वटा अफिसियल म्याचमध्ये २४ वटामा विजय हासिल गरेको, तीनवटा बराबरीमा टुंगिएको तथा ३२ वटा म्याचमा पराजय भोगेको थियो । सन् २०२२ मा सम्पन्न वाफ (वुमन्स च्याम्पियनसिप)मा लेबनान दोस्रो भएको थियो । सन् २०२३ मा भएको महिलाहरूको अन्तर ाष्ट्रिय मैत्रीपूर्ण प्रतियोगितामा लेबनानले अतिरिक्त समयमा भुटानलाई १-० गोलले हराएर उपाधि जोगाएको थियो । सन् २०२४ का वाफ फुटबल प्रतियोगिताको सेमिफाइनलमा नेपालले लेबनानलाई २-१ गोलले हराएको थियो । लेबनान हाल फिफा वरीयताक्रममा १३४औं स्थानमा रहेको छ ।

म्यान्माः फिफा महिला विश्व वरीयताक्रममा म्यान्माको स्थान ५५औं रहेको छ । म्यान्माको महिला राष्ट्रिय फुटबल टोलीले सन् १९९५ देखि विभिन्न क्षेत्रीय प्रतियोगिताहरूमा भाग लिँदै आइरहेको छ । म्यान्माले एएफएफ महिला च्याम्पियनसिपमा सन् २००४ र २००७ मा उपाधि जितेको थियो । उक्त प्रतियोगितामा म्यान्माको टोली सन् २०११, २०१२ तथा २०१५ मा दोस्रो तथा सन् २०१६, २०१९ र २०२२ मा तेस्रो हुन सफल भएको थियो । दक्षिण पूर्वी एसियाली खेलकुदमा म्यान्माको महिला फुटबल टोलीले चारपटक दोस्रो तथा सातपटक तेस्रो स्थान प्राप्त गरेको थियो ।

कीर्गिस्तानः कीर्गिस्तानको महिला राष्ट्रिय फुटबल टोलीले सन् २००९ मा पहिलोपटक एएफसी महिला एसिया कपमा सहभागिता जनाएको थियो । सन् २०२२ मा सम्पन्न सिएएफए महिला च्याम्पियनसिपमा कीर्गिस्तान टोली तेस्रो भएको थियो । कीर्गिस्तानले विभिन्न उमेर समूहका महिला फुटबल टोली बनाएर प्रतियोगितामा सहभागिता गराएको छ । फिफा विश्व वरीयताक्रममा १२८औं स्थानमा रहेको छ ।

नेपालमा महिला फुटबलको विकासका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलजस्ता विभागीय टोलीहरूको उल्लेखनीय भूमिका रहँदै आएको छ । यसपालिको प्रतियोगितामा पनि नेपाली टोलीमा अधिकांश खेलाडीहरू विभागीय टोलीबाटै छनोट भएका छन् । व्यावसायिक खेलाडीका रूपमा युरोप र अन्य मुलुकमा अनुभव हासिल गरेर आएका नेपाली खेलाडीहरूकै खेलमा नेपाली टोलीको भविष्य निर्भर रहेको छ । घरेलु दर्शकहरूको अपार समर्थन र साथले सकारात्मक नतिजा जुटाउन पक्कै सहयोग गर्ने आशा गर्न सकिन्छ । गत कात्तिकमा यही रंगशालामा फाइनलमा भएको पराजयलाई यसपटक शक्तिमा बदल्न पनि नेपाली टोलीका तर्फबाट यथोचित प्रयत्न हुने अपेक्षा गरिएको छ ।

आगामी दिनमा अन्य फुटबल क्लबहरूले पनि पुरुष खेलाडीहरूलाई जस्तैः व्यावसायिक रूपमा महिला खेलाडीहरूलाई पनि आबद्ध गर्न सुरु गरेमा नेपालले अन्तर्राष्ट्रिय सफलता हासिल गर्दै जाने निश्चित छ । अखिल नेपाल फुटबल संघले पनि महिला फुटबलका प्रतियोगिता तथा गतिविधिलाई क्रमिक रूपमा बढाउँदै खेलाडीहरूले खेलेरै जीवनयापन गर्न सक्ने सन्देश प्रवाह गर्न नेतृत्वदायी भूमिका लिनु अपेक्षा गरिएको छ । *रासस*

## श्रम सरोकार

# ओमान जानुपूर्व जान्नैपर्ने कुराहरू

पासपोर्ट, भिसा, करारपत्र, श्रम स्वीकृति, रकम बुझाएको भर्पाइलगायतका कागजातहरू ठीक दुरूस्त भए नभएको यकीन गर्नुहोस् । कागजात ठीक भएपछि एक सेट छाँयाप्रति घरमा छोडेर जानुहोस् । रोजगारदाताले दिने सुविधाः तलब, आवास, खाना, ओभरटाइम, कार्यघण्टा, कार्यदिनसहितको श्रम सम्झौता रोजगारदाताको सही भएको छ छैन विचार पुऱ्याउनुहोस् । दोहोरो श्रम सम्झौता गरेर नजाउनुहोस् । वैदेशिक रोजगारीमा जानुपूर्व आफूले गर्ने कामसम्बन्धी तालिम लिनुपर्दछ । आवश्यक सीप भएमा बढी पारिश्रमिक पाइन्छ भने जोखिम पनि कम हुन्छ । वैदेशिक रोजगारीका लागि सरकारले स्वीकृति दिएको स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराउनुपर्दछ । गर्भवती, दीर्घरोगी, अशक्त, यौनरोग, क्षयरोग, एचआइभी, टिबी, हेपाटाइटिस आदि रोग लागेमा वैदेशिक रोजगारमा जान पाइँदैन । प्रवेशाज्ञा लिएको तीन महिनाभित्र गन्तव्य देशमा पुगिसक्नुपर्दछ । करार अवधि थप गरेमा बिमा थप गर्नुपर्दछ अन्यथा बिमाबापतको सुविधा पाइँदैन । उमेर र रोजगार अवधिअनुसार बिमा शुल्क फरक-फरक हुने गर्दछ ।

भिसा लागेपछि म्यानपावर कम्पनीलाई तिर्नुपर्ने सेवा शुल्कबापतको १० हजार रूपैयाँ बुझाइ सोको भर्पाइ लिनुपर्दछ । सो भन्दा बढी रकम मागे ठगी गर्ने नियत रहेको बुझ्नुपर्दछ । वैदेशिक रोजगारमा जाने सबैले अभिमुखीकरण तालिम नलिई श्रम स्वीकृति पाइँदैन । श्रम स्वीकृति करारपत्रमा उल्लेख भएको समयका लागिमात्र हो करार अवधि थप गर्दा पुनः कल्याणकारी कोषमा रकम दाखिला गर्नुपर्दछ । स्वदेशको विमानस्थलको प्रयोग गर्नुपर्दछ । आवश्यक कागजात सीमानाकामा देखाउनुपर्दछ र व्यवसायीको आधिकारिक प्रतिनिधि साथै हुनु पर्दछ ।

अरबिक भाषाको सामान्य शब्दावली बुझ्ने र सोध्नसक्ने भएर जाँदा राम्रो हुन्छ । ओमानको कुन ठाउँमा जानुपर्ने जहाजबाट कहाँ पुगिने कति समय लाग्ने यकीन गरेर सोहीअनुसार खर्च र अन्य आवश्यक व्यवस्था गरेर जानुहोस् । नेपाल सरकारले घरेलु कामदार, निजी चालक, गार्डेनर तथा भान्से आदिलाई ओमान जान श्रम स्वीकृति प्रदान गर्दैन । कसैको लोभलालच वा आश्वासनमा परेर गलत तरिका वा बाटोबाट यस्ता काममा नजानुहोस् । विमानस्थलको अध्यागमन क्लियर भएपछि आफूलाई लिन आउने मानिस सही हो होइन नाम वा फोन नमबरबाट यकीन गर्नुहोस् । पासपोर्ट जसलाई पायो उसैलाई नदिनुहोस् । अर्कै रोजगारदाताले लैजान सक्ने भएकोले चनाखो हुनुहोस् ।






▸ बैकुण्ठ भण्डारी

# मलाई बोल्न दे सरकार !

मोबाइलमा बिहानै घण्टी बज्यो, हरेराम हरेकृष्ण । आजकल मोबाइलमा बज्ने घण्टी आ-आफ्नै रुचिअनुसारको राख्न पाउने भएकाले सबैलाई सजिलो भएको छ । प्रविधिको विकासले कम्तीमा जे मन लाग्यो त्यही सुन्न पनि पाउने बनाइदिएको छ । मोबाइलमा हरेराम हरेकृष्ण बजिनै रह्यो । उठाउने कि नउठाउने हो, अन्योल भयो । किनकि म यस्तो देशको नागरिक हुँ जहाँ सत्य बोल्न पनि सरकारको आदेश चाहिन्छ । त्यसमाथि पनि मोबाइल प्रयोग गरेर । तारन्तार मोबाइलमा घण्टी बजेको बज्यै भयो ।

फागुनको पहिलो साता अघिल्लो वर्षभन्दा बिहानीपख चिसो अलि बढी नै थियो । सिरक ओडेर सुतिरहेको छोरा सिरकभित्रैबाट करायो, 'हैन यो ब्यानदेखि कस्तो हरेराम हरेकृष्ण हो ? खुरुक्क फोन उठाउनु नि ! हैन फोन गर्नेले पनि एक पटक नउठेपछि नगर्नु नि तारन्तार !'

मैले मनमनै भनें, 'अहिलेको अवस्था नै हरेराम हरेकृष्णको छ, सबैजना स्तुतिका भोका छन् बाबु के गर्छस्, त्यही भएर मैले मोबाइलमा नै हरेराम हरेकृष्ण राखेको छु । सत्यको स्तुति त ठीकै हो तर गलत र झूठको स्तुतिले पो बज्रपात परेको छ मुलुकमा ।

खै के रोग हो कुन्नि, पत्तै लगाउन नसकिने रोगको शिकारले शिथिल बनाएकी जहान आवाज पनि निकाल्न मुस्किलले भन्दै थिइँ । 'त्यो फोन कराइराको छ उठाउनु नि कसैको 'इम्पोटेण्ट' पो हो कि ? तारन्तार बजेको बज्यै छ ।'

एकछिन रोकिएको फोन फेरि बज्यो, 'हरेराम हरेकृष्ण' । यो पटक भने मैले एउटै हरेराम हरेकृष्णमा फोन उठाएँ ।

हेलो ? हजुर ।

उताबाट आयो, 'हिजो राति फेसबुकमा के पोस्टयाएको हो ? पूरै भाइरल नै छ त ?'

म तीन छक्क परें र उत्तर दिएँ, 'त्यस्तो त केही छैन, उही आफ्नो मनको व्यथा पोख्ने ठाउँ त हो त्यो भनेको के नै पो लेखेको छ र ?'

उताबाट आवाज आयो- 'हैन निकै कडा पो छ त ? बुझ्नेलाई त भित्तैमा पुग्नेगरी हानेको छ । कति कडा लेखेको हो ?'

म हाँसे । 'त्यस्तो त होइन, सत्य कुरा मनमा राख्न नसकेर व्यक्त गरेको हुँ । पहिले पहिले पो मनका कुरा साथीभाइसँग पोखिन्थ्यो । मन पनि हलुको हुन्थ्यो । अहिले त साथीभाइ, परिवार, आफन्त जे भने पनि त्यही सामाजिक सञ्जाल त हो !,' मैले उसलाई भनें ।

उसले पनि उता हाँस्दै भन्यो, 'त्यो त हो । जे होस् सबैलाई मनको बह पोख्ने ठाउँचाहिँ बनाइदिएको छ है ।'

'त्यही त कसैले आरोप लगाएर वा मानहानि हुने गरेर लेखेको त छैन नि ?' उल्टो प्रश्न गरें मैले । उसले भन्यो, 'त्यस्तो त छैन, तर पनि कडा चै छुराजत्तिकै छ ।'

'ए हो र भन्या ?,' मैले जिज्ञासा राखें । 'तपाईंहरू पो नियुक्ति सियुक्ति आएर ठूलो ठाउँमा भएको मान्छे सेतोलाई सेतो कालोलाई कालो भन्न सक्नुहुन्न । म त विचरो भूइँमान्छे जे सत्य हो त्यही बोल्छु र भन्छु । कसैलाई मन पर्ला कसैलाई मन नपर्ला ? सत्य त सत्य नै हो नि होइन र ?'

ओछ्यानमा शिथिल भएर पल्टिरहेकी जहानले भनी, 'ब्यानदेखि कत्ति गफ गर्नु परेको हो ?' यत्ति लामो गफ त भेटेरै गर्नु नि ।

उताबाट फेरि प्रश्न तेर्सियो, 'साँच्चै भाउजुलाई के भाको रे ?'

'केही पनि भएको छैन । सबै ठीक छ । मेडिकल माफियाहरूले चलाएको अस्पतालले सद्दे मान्छेलाई दीर्घरोगी बनाइदियो,' मैले उत्तर फर्काएँ ।

ऊ जिम्मेवार पदमा बसेको मान्छे । शक्ति केन्द्रको नजिकको मान्छे । कालोलाई सेतो र सेतालाई कालो बनाउन सक्ने मान्छे । तर, मेरो उत्तरमा उसको कुनै प्रतिक्रिया भएन । मात्र उसले भन्यो, 'ए' !

साँच्चै सरकारले ल्याएको अध्यादेश कस्तो लाग्यो ? उसले मलाई सोध्यो ?

'हरेराम हरेकृष्ण' ! मैले 'जहान' तर्फ हेर्दै भनें । सद्दे मान्छेलाई ओछ्यानमा शिथिल हुनेगरी मकै खाएजस्तै औषधि खानुपर्ने बनाउने अस्पताललाई सम्झिएँ । स्वदेशमा सहज र गुणस्तरीय शिक्षा नपाएका कारण भारतको उडिसामा पढ्दै गरेकी छात्रा प्रकृति लम्सालको मृत्यु प्रकरणका विषयमा संसद्मा उठेको प्रसंग सम्झिएँ । ग्यास पड्किएर मृत्युवरण गरेका मःमः पसलका श्रमिक सम्झिएँ अनि पोखरामा बेलुन पड्किँदा भएको घटना र सरकारले बनाएको छानबिन समिति सम्झिएँ ।

उसले सोध्यो, 'के हो त्यो हरेराम हरेकृष्ण भनेको ?' सत्ताको वरपरका मान्छेसँग धेरै गफिन त मन थिएन । तर पनि प्रश्नको उत्तर त दिनपर्छ भन्ने सोचेर मैले जवाफ दिएँ ।

'भजनमण्डलीका लागि निकै राम्रो ।' अनि 'बलात्कारलाई पनि चमत्कार बनाउनेहरूका लागि निकै महत्त्वपूर्ण छ !' तर हेर्नुस् 'वास्तविकता, सत्य र न्यायका लागि लड्नेहरूका लागि यो निकै घातक छ ।'

उसले सोध्यो, 'त्यस्तो हो र ?'

सायद मेरो मन चोर्न खोजिरहेको आभाष भयो । अनि मैले भने, 'हो । ठ्याक्कै त्यस्तै छ । किनकि सत्य बोल्नेहरूका लागि यसले 'कन्तविजोक' बनाइदिने छ । यो त सत्ता र माफियाहरूको भजन गाउनेहरूकै लागि उत्तम छ ।

उसले फेरि सोध्यो, अहिलेको गणतन्त्रमा पनि त्यस्तो कहाँ हुन्छ र ?

मैले धितमर्ने गरी भनें, 'हुन्छ । सत्तामा पुग्नेहरू आफूलाई नवराजा बादशाह बनाइरहेका छन्, सत्य बोल्नै नहुने । बोल्नेहरूको मुख थुन्ने र त्यसलाई पत्तासाफ बनाउने काम गरिरहेका छन् । झूठ र भ्रमलाई चिर्न सत्य बोल्नै पर्छ । सत्य लेख्नै पर्छ ।

तर, सत्य बोल्न नपाउने यो गणतन्त्र हो कि गाँठतन्त्र ? अन्याय सहेर बस्नु पर्ने ? शक्ति र सत्ता नहुनेको कुरा कसले सुन्दिने ? उसले बोल्नै नपाउने । आज न्याय मरिरहेको छ ।'

सुन्नूस् महाशय, देशका हरेक अंग माफियाहरूको हातमा पुगेको छ । तपाईंजस्ता सत्ताका वरपर बस्नेहरूले सत्यलाई सत्य भन्न सक्नुभएको छैन । नेतृत्वलाई भ्रममा राख्नुभएको छ । त्यसकारण हामीजस्ता सत्य ओकल्नेहरूको मुख बन्द गराउने यस्ता अध्यादेश नै बन्द हुनुपर्छ । मैले धेरै शक्ति केन्द्रमा सत्य बोले । सत्यलाई झूठ बनाउने अनुयायी प्रशस्त जन्मिए । तर पनि सत्यका लागि ध्रुवताराजस्तै एक्लै बोलिरहने छु । र, त भन्छु, 'मलाई बोल्न दे सरकार' !



**हिउँले ढाकिएपछि** | उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका–१, स्थित साम्दोमा हिउँले ढाकिएको घरका छानो । नुब्री भ्यालीमा र आसपास क्षेत्रमा आइतबार राति यसपटकको हिउँदमा अहिलेसम्मकै भारी हिमपात भएको छ । *तस्बिर: दीपक श्रेष्ठ/रासस*

# झापामा ६१६ नयाँ क्षयरोगी

**झापा (प्रस)–** जिल्लामा क्षयरोगका ६१६ जना नयाँ बिरामी फेला परेका छन् । जिल्लामा २७ बालबालिकासहित नयाँ क्षयरोगका बिरामी फेला परेको स्वास्थ्य कार्यालयका क्षयरोग स्रोतव्यक्ति वीरेन्द्र दासले जानकारी दिए । त्यसमा ३७९ पुरुष र २१९ महिला छन् ।

चालु आर्थिक वर्षको छ महिनाको अवधिमा खकारमा कीटाणु देखिएका ३७४, छातीको एक्स-रेबाट पत्ता लागेका ८९ र फोक्सोमाबाहेक अन्य अंगमा क्षयरोग देखिएका १५१ नयाँ बिरामी फेला परेको उनले बताए । क्षयरोग पुनः दोहोरिएका ४४ बिरामीसमेत फेला परेको उनले बताए ।

आर्थिक वर्ष २०७९/८० मा एक हजार ४५ र आव २०८०/८१ मा एक हजार २६० नयाँ क्षयरोगका बिरामी फेला परेको जानकारी दिँदै उनले पछिल्लो समय झापामा क्षयरोगीको संख्या बढ्दै गएको बताए । 'समुदायस्तरमा गएर बिरामीको खोजी गर्ने हो भने रोगीको संख्या अझै बढ्छ,' उनले भने, 'सरुवा रोग भएकाले विशेष खोजपड्ताल अभियान चलाउनु जरुरी छ ।' नयाँ फेला परेका सबै बिरामीले नियमित औषधि सेवन गरिरहेको उनले बताए ।

जिल्लामा फेला नयाँ क्षयरोगी २५ वर्षदेखि ५५ वर्ष उमेर समूहका धेरै छन् । झापाको दमक र मेचीनगरको धुलाबारीमा क्षयरोगीको संख्या धेरै रहेको स्रोतव्यक्ति दास बताउँछन् । जिल्लाका सबै सरकारी स्वास्थ्य संस्थामा निःशुल्क उपलब्ध हुने क्षयरोगको औषधि बिरामीले छ महिनासम्म सेवन गर्नुपर्छ । औषधि सेवनको अवधि पूरा गर्ने विपन्न वर्गका बिरामीलाई मासिक ५०० रूपैयाँ प्रोत्साहन रकम दिने गरिएको छ ।

संघीय कार्यक्रमअन्तर्गत झापाका तीन पालिका शिवसताक्षी, बिर्तामोड र मेचीनगर नगरपालिकामा क्षयरोगमुक्त अभियानसमेत सञ्चालित छ । सन् २०५० सम्ममा क्षयरोगमुक्त नेपाल घोषणा गर्ने सरकारी लक्ष्य छ ।

### क्षयरोग के हो ?

श्वासप्रश्वासको माध्यमबाट सर्ने सरुवा रोग क्षयरोग 'माइक्रो ब्याक्टेरियम टचुबरक्लोसिस' नामक जीवाणुको संक्रमणका कारण हुने गर्दछ । क्षयरोग भएका बिरामीले खोक्दा, हाच्छिउँ गर्दा कीटाणु निरोगी मानिसको सम्पर्कमा आएमा रोग सर्ने जोखिम हुन्छ । क्षयरोगबाट ७२ प्रतिशत फोक्सोलाई संक्रमण गर्छ । यस्तै मुटुको बाहिरी झिल्ली, मासु, जोर्नी, मस्तिष्कमा पनि क्षयरोगले असर गर्दछ ।

कुपोषण भएका, धूमपान तथा सुर्तीजन्य पदार्थको सेवन गर्ने, मधुमेहका बिरामी, मादकपदार्थ सेवन गर्ने, एचआइभी संक्रमित, रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिस क्षयरोगको उच्च जोखिम पर्ने गर्दछन् । तौल कम हुनु, खानामा रुचि कम हुनु, दुई हप्ताभन्दा बढी समय एकनासले खोकी लाग्नु, राति ज्वरो आउनु क्षयरोगका प्रमुख लक्षण हुन् ।

# पर्सामा वन जोगाउनै मुस्किल

**वीरगञ्ज (पर्सा)–** जिल्लामा तीन साझेदारी वन र त्यसको आसपासको क्षेत्रमा गरेर ४६८ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ । डिभिजन वन कार्यालय पर्साका अनुसार जिल्लामा ठोरी, गादीमाई, विन्ध्वासिनी, सबैया साझेदारी वन क्षेत्र बढी अतिक्रमणमा परेको छ । डिभिजन वन कार्यालय पर्साका डिभिजन वन अधिकृत मञ्जुर अहमदले जिल्लाको ठूलो जनसंख्याका लागि काठको अत्यधिक माग र कमजोर वन प्रशासनको फाइदा लिँदै तस्करबाट वन फँडानीका कारण पनि वन अतिक्रमण गर्ने प्रवृत्ति देखिएको जानकारी दिए ।

'डिभिजन वन कार्यालयसँग दरबन्दीअनुसारको कर्मचारी पनि छैनन् । जसको कारणले सीमित जनशक्तिको कारणले पनि पर्याप्त मात्रामा अनुगमन र रेखदेख गर्न पनि समस्या भएको छ,' उनले भने, 'कार्यालयमा १०० कर्मचारीको दरबन्दी भए पनि अहिले ५३ जनामात्रै रहेका छौं । सीमित स्रोतसाधन र जनशक्तिकोबीच काम गरिरहेका छौं ।'

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, २०८० को प्रतिवेदनअनुसार पर्सा जिल्लामा सबैभन्दा धेरै वन अतिक्रमण परेको क्षेत्रमा ठोरी ४ बाराह नदीदेखि पश्चिम क्षेत्र पर्दछ । जहाँ २०० हेक्टर वन अतिक्रमणमा परेको छ । गादीमाई साझेदारी वन क्षेत्र १६७.६८ हेक्टर अतिक्रमणमा परेको छ । सखुवाप्रसौनी साझेदारी वन ३३.२ हेक्टर, सबैया साझेदारी वन २२.२३ हेक्टर क्षेत्रफल अतिक्रमणमा परेको छ । त्यस्तै, विन्ध्वासिनी साझेदारी वन १२.६ हेक्टर अतिक्रमणमा परेको कार्यालयले जनाएको छ । डिभिवन वन अधिकृत अहमदले साझेदारी तथा अन्य वन जोगाउन सबैले हातेमालो गरेर अघि बढ्नुपर्ने बताए ।

'अहिले त वन जोगाउने काम डिभिजन वन कार्यालयको मात्रै भन्ने भाष्य निर्माण भइरहेको छ,' उनले भने, 'वन जंगल जोगाउनका लागि सबै हातेमालो गरेर अघि बढ्न जरुरी भइसकेको छ ।' कार्यालयका अनुसार जिल्लामा सार्वजनिक विद्यालय, मठमन्दिर, प्रहरी, सेनाका ब्यारेक, सडक आदि भौतिक पूर्वाधार निर्माणमासमेत वनक्षेत्रको केही भाग अतिक्रमण गरेर पूर्वाधारलगायतका संरचना पनि निर्माण गरिएको छ । कार्यालयसँग पर्याप्त जनशक्ति नहुँदा पनि नियमितरूपमा वन अनुगमन र निरीक्षण गर्न समस्या भइरहेको छ । पर्सामा ११ हजार ५७५ हेक्टर वनक्षेत्र छ । पर्सामा चारवटा सामुदायिक वन र तीनवटा साझेदारी वन रहेका छन् । यहाँको वनमा साल, खयर, मसला, टिक, सिमल, सिसो, जामुनलगायत प्रजातिका रुख छन् । *रासस*

# कुसहा–मौवहा–बेल्ही सडक जीर्ण

**गोलबजार (सिरहा)–** राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रमअन्तर्गत बनेको कुसहा-मौवहा-बेल्हीसडक जीर्ण हुँदा यात्रु र स्थानीय सास्ती खेप्न बाध्य भएका छन् । कलोपत्र उप्किएर सडक माटो र बालुवामा परिणत भएको सुरुंगा नगरपालिका-१० का रोशनकुमार साहको भनाइ छ ।

वि.सं. २०७६ मा बनेको सडकको स्तरोन्नतिका लागि सम्बन्धित निकायले चासो नराख्दा खाल्डाखुल्डी परेर जीर्ण भई सडकमा बालुवा उड्न थालेको छ । त्यसले गर्दा सडक छेउका घर धुलाम्मे देख्न थालेको छ । स्थानीयको स्वास्थ्यमा प्रतिकूल असर हुन थालेको बलानबिहुल गाउँपालिका-१ का स्थानीय रासिन्द्र यादवले बताए ।

बलानबिहुलका अध्यक्ष खेमचन्द्र यादवले चाँडै सम्बन्धित निकायले पुनः सडक कालोपत्र गर्ने वातावरण नमिलाए आन्दोलनमा जान बाध्य हुने बताए । उनले गाउँपालिकाले सो सडक पुनर्निर्माणका लागि संघदेखि प्रदेश सरकारलाई ध्यानाकर्षण गराएको जानकारी दिए । जिल्ला प्राविधिक कार्यालय राजविराज सप्तरीले पप्पु मृत सञ्जीवनी जेभी काठमाडौंलाई ११ करोड एक लाख ७९ हजार रूपैयाँमा ठेक्का दिएको थियो ।

सप्तरीको सुरुंगा नगरपालिकाको कुशहा बजारदेखि भारतीय सीमावर्ती क्षेत्रमा पर्ने बलानबिहुल-४ बेल्हीसम्म करिब साढे १६ किलोमिटरसम्मको उक्त सडक योजनाअन्तर्गत सडक छेउमा वृक्षरोपण गर्ने भनिए पनि त्यसमा पनि चरम लापारवाही भएको थियो । सडको छेउछाउ लामो सयदेखि सफाइ नहुँदा वनमारा झाडी उम्रेर सडक कुरूप देखिन थालेको स्थानीय लक्ष्मीकान्त पासवानको भनाइ छ । स्थानीयका अनुसार सो सडक स्तरोन्नतिको काम सम्पन्न गर्ने समयसीमा २०७३ साउन १० गते नै सकिएको थियो । ठेकेदार कम्पनीले 'ग्राभेल'को काम सकेर बाँकी काम अलपत्र छाडेको राजाराम यादवको भनाइ छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग इटहरीले २०७५ कात्तिक १५ मा जिल्ला प्राविधिक कार्यालयसँग सो सडकको सम्पूर्ण विवरण माग गरी छानबिन थालेपछि ठेकेदार कम्पनीले सडकको काम तीव्र रूपमा अघि बढाएर कालोपत्र गरेको थियो । सडक निर्माण कम्पनीको सडकको काम सन्तोषजनक नरहेको भन्दै स्थानीयले तत्कालीन समयमा असन्तुष्टि जनाए पनि जिल्ला पूर्वाधार विकास कार्यालय सिरहाले ध्यान नदिँदा चाँडै सडक जीर्ण भएको स्थानीयको आरोप छ । *रासस*

# सालक जोगाउन माडीमा गोलमेच सम्मेलन

■ प्रभाव संवाददाता




**चितवन–** विश्व सालक दिवसको अवसरमा चितवनको माडी नगरपालिका-१ बनकट्टामा सालक गोलमेच सम्मेलन सम्पन्न भएको छ । ग्रिनहुड नेपाल नामक संरक्षण संस्था र पाँच पाण्डव मध्यवर्ती क्षेत्र सामुदायिक वन समितिको आयोजनामा शनिबार बनकट्टास्थित बोटे समुदायिक होमस्टेमा सम्मेलन भएको हो ।

'सालक संरक्षणका लागि युवा शीर्षक'मा भएको गोलमेचमा ग्रिनहुडका निर्देशक कुमार पौडेलले चितवन राष्ट्रिय निकुञ्ज र यस वरपरका बफर जोनमा सालकको अवस्थाबारे छलफल चलाएका थिए । अनुसन्धानकर्मीसमेत रहेका पौडेलका अनुसार गैंडा, बाघ जोगाएर संसारमै चर्चित भएको चितवन राष्ट्रिय निकुञ्ज सालक संरक्षणका लागिसमेत अति उपयुक्त भएको बताए ।

'गैंडा, बाघसँगै सालकको पनि क्षेत्र बासस्थान हो यो निकुञ्ज । पर्यावरण जोगाउन सालक महत्त्वपूर्ण जनावर हो । तर पछिल्लो समय सालक मानिसकै कारण लोप हुँदै गएको छ,' अनुसन्धानकर्मी पौडेलले भने, 'अहिलेको मुख्य सवाल संसारभर नै लोप हुन लागेको सालक प्रजातिहरू नेपालले कसरी जोगाउन भन्ने हो ।' २०६९ मा स्थापना भएको ग्रिनहुड सालक, संकटापन्न जडीबुटी, कछुवालगायतका प्रजाति संरक्षणमा काम गर्दै आएको संस्था हो । नेपालको पहाड र मधेस क्षेत्रमा पाइने सालक अति संकटापन्न जनावर हो । समाउन खोज्दा नभागी गुटुल्किएर बस्ने भएकोले यसको फाइदा मानिसले उठाउँदै आएका छन् ।

ग्रिनहुडले माडी क्षेत्रको पाण्डुनगर र चैनपुरमा स्थानीयको सहभागितामा सालकको अवस्थाबारे अध्ययन सुरु गरेको छ । गोलमेच सम्मेलनमा सहभागीले सालकले पर्यावरणमा पुऱ्याउने फाइदा, चोरीसिकार हुनुका कारण, चोरीसिकार भए हुने दण्ड सजायबारे प्रश्न गरेका थिए । सालकले खेतीबालीमा लाग्ने कमिला, धमिरा खाएर बाली सपार्न सघाउने भएकोले यसलाई दुःख दिन नहुने सहभागीले बताए । अन्धविश्वासका कारण कतिपयले यसको मासु खाँदा विभिन्न रोग निको हुने, यसको खपटाबाट बनेका वस्तु पहिरनको रूपमा प्रयोग गरी दुरूपयोग गर्ने गरेकोले यस्तो काम रोकिनुपर्ने उनीहरूको सुझाव थियो ।

माडी वडा नम्बर २ का अध्यक्ष दण्डमणि पौडेलले सालक संरक्षणले पर्यटनसँगै आयआर्जन बढ्ने बताए । मानव र जनावरबीच द्वन्द्व बढेर दुःख पाइरहेको बेला सालक सहयोगी जनावरको रूपमा पाएको भन्दै उनले खुसी व्यक्त गरे । 'मानव र जनवारबीच द्वन्द्व छ यो क्षेत्रमा । किसानको हानीनोक्सानी बढेको बढ्यै छ । क्षतिपूर्तिले केही हुन्न,' माडी नगरपालिकाका प्रवक्तासमेत रहेका पौडेलले भने, 'तर सालक मित्र जनवार रहेछ । यसलाई जोगाउँदा हामीलाई चौतर्फी फाइदा हुने रहेछ ।'

चितवन राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत अविनास थापामगरले सालक मार्ने वा यसको खपटा लेनदेन गरेको पाइएमा कानुनी कारबाही हुने बताए । 'सालकको खपटा पूजा गर्ने भन्दै पनि ल्याउने, कसैलाई दिने, लिने काम गरे कारबाही हुन्छ । पर्यावरणमा यसले निकै राम्रो खेल खेलेको हुन्छ,' थापाले भने ।

सालक चोरीसिकार वा बेचबिखन गरेको पाइएमा १० लाख रूपैयाँ जरिवाना र १५ वर्षसम्म कैद वा दुवै सजाय हुनसक्ने कानुनी व्यवस्था रहेको छ । कार्यक्रममा ग्रिनहुडले सालक जोगाउने अभियानमा सक्रिय माडी क्षेत्रका छ जना अभियन्तालाई सम्मानसमेत गरेको थियो । विश्वभरि मनाइने सालक दिवस ग्रिनहुडले २०७१ देखि हरेक वर्ष देशका विभिन्न क्षेत्रमा यस्तै कार्यक्रम गरी मनाउँदै आएको छ ।

**साउदीमा रोजगार** कम्पनी : ESTABLISHMENT NAZAFA WASHA FOR COMMERCIAL SERVICES

पूर्व स्वीकृति मिति : २०८१/११/०१ | LT. No.318840 | चलानी नं.६०२३३१६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CAR DRIVER LIGHT | 2 | 0 | 1400 | ५१५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १४ गते (26th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४

**साउदीमा रोजगार** कम्पनी : INDIAN SPICES RESTAURANT FOR MEALS

पूर्व स्वीकृति मिति : २०८१/११/०५ | LT. No. 318637 | चलानी नं. ६०२३३१६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen worker | 2 | 0 | 1200 | ४४,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १३ गते (25th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Prince International Employment Service Pvt. Ltd.
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम ईजाजत नं. ४३५/०६०/०६१

**कतारमा रोजगार** कम्पनी : QATAR MASTERS TRADING, MAINTENEACE & CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८१/१०/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/०५ | LT. No. 299200 | चलानी नं. ६०२१४२१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTRCIAN | 3 | 0 | 1200 | ४५,४९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | MASON | 8 | 0 | 1200 | ४५,४९५ | | | | | | | |
| 3 | PLUMBER | 10 | 0 | 1200 | ४५,४९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १३ गते (25th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

**कतारमा रोजगार** कम्पनी : Hands Services Company

पूर्व स्वीकृति मिति : २०८१/११/०५ | LT. No. 319002 | चलानी नं. ६०२३३१९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician Technician(Salesman) | 1 | 0 | 1100 | ४१,७०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Guest Service Agent | 4 | 0 | 1400 | ५३,०८० | | | | | | | |
| 3 | Light Driver/driver | 1 | 0 | 1700 | ६४,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १३ गते (25th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६६९/०८०/०८१
ASLIYA MANPOWER SUPPLY PVT. LTD.
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456

# प्रभाव दैनिक

रूपशाला

मंगलबार, ०६ फागुन २०८१ (Tuesday, February 18, 2025)


## अर्जुन गुरूङको स्वरमा 'पिरतीको डोरी'

गायक अर्जुन गुरूङ र गायिका लक्ष्मी परियारको स्वरमा 'पिरतीको डोरी' सार्वजनिक भएको छ । आफ्नी प्रेमिकालाई गायकले आफ्नो निःस्वार्थ प्रेममा कुनै शंका नगर्नका लागि आग्रह गरेका छन् । भावनात्मकरूपमा प्रेमको सम्बन्ध कालान्तरसम्म जीवित हुने कुरामा गायकले गायिकालाई विश्वस्त पार्न खोजिएको छ । अर्जुनको शब्द तथा लय सिर्जनामा रहेको गीतमा प्रेमील भावहरू समेटिएका छन् ।





पर्यटकीय राजधानी पोखरामा आइतबारदेखि सुरु भएको दोस्रो प्रादेशिक ललितकला प्रदर्शनीमा अवलोकनकर्ता । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, गण्डकी प्रज्ञा प्रतिष्ठान र 'काठमाडौं ट्रिएनाले'द्वारा आयोजित प्रदर्शनी पाँच दिनसम्म चल्ने छ । नयाँ बजारस्थित पोखरा आर्ट ग्यालरीमा सुरु भएको प्रदर्शनीमा ८० चित्र प्रदर्शनीमा राखिएको छ । *तस्बिरः रासस*

# कर्णाली उत्सव 'कुडा कर्नालीका' सुरु

■ प्रभाव संवाददाता

**कर्णाली–** कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा कर्णाली उत्सव 'कुडा कर्नालीका' सुरु भएको छ । तीन दिनसम्म चल्ने उक्त महोत्सवको सोमबार एक कार्यक्रमबीच कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले उद्घाटन गरे । 'ऋति फाउन्डेसन'ले कर्णालीको समग्र क्षेत्रको पहिचानसम्बन्धी जानकारी दिन र प्रदेशको सम्भावना केलाउने उद्देश्यले महोत्सवको छैटौं संस्करण आयोजना गरेको हो ।

उद्घाटन कार्यक्रममा मुख्यमन्त्री कँडेल, कर्णाली प्रदेशका भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री गमता



विक, सरकारका पूर्वसचिव केवलप्रसाद भण्डारी, वैदेशिक रोजगार बोर्डको सचिवालयका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेती, कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगीलगायतले छलफलको उत्सवका रूपमा सञ्चालन हुँदै आएको कार्यक्रमले कर्णालीलाई नेपाल तथा विश्वमा चिनाउन सहयोग पुऱ्याएको बताए ।

उत्सवको पहिलो दिन सोमबार राजनीतिक चिन्तक विश्वभक्त दुलाल (आहुति)ले 'मान्ठ र मइडो'का बारेमा प्रवचन दिएका छन् । कार्यक्रममा एक हजार ३०० जनाको सहभागिता रहेको आयोजकले जनाएको छ ।

# आसाम साहित्य सम्मेलनमा नेपाली र आसामी सम्बन्धबारे चर्चा

**काठमाडौं (प्रस)–** भारतीय राज्य आसामको भाषा, साहित्य र संस्कृतिको प्रवर्द्धनमा सक्रिय आसाम साहित्य सभाको ७७औं सम्मेलन नेपाल र आसामबीचको साहित्यिक र सांस्कृतिक सम्बन्धबारे चर्चा गरिएको छ । आसामको पाठशालामा भएको पाँचदिने सो सम्मेलनमा नेपाल र आसामबीचको साहित्यिक आदानप्रदान र सम्पदाबारे विशेष चर्चा भएको हो ।

शताब्दीऔं पुरानो भाषिक, सांस्कृतिक, धार्मिक र वैचारिक आदानप्रदानले नेपाल र आसामबीच गहिरो सांस्कृतिक र साहित्यिक सम्बन्ध स्थापना गराएको छ । नेपाली साहित्यले आसामका लेखकहरूमा उल्लेखनीय प्रभाव पारेको छ भने आसामी साहित्यले पनि नेपालमा दिगो प्रभाव पारेको छ ।

यस प्रकारका आदानप्रदानहरू नेपाली र आसामी भाषाका साहित्यिक परम्परा, एक अर्को भाषामा भएका अनुवाद तथा नेपाल र आसामका लेखक, अनुसन्धाता र विद्वानहरूका सहकार्यमा प्रतिविम्बित भएका छन् । लिखित साहित्यमात्र होइन सयौं वर्षदेखि चल्दै आएको अन्तरक्रियाले एक अर्काको परम्परा, कला र सामाजिक प्रचलनमा पनि प्रभाव पारेको छ ।

सम्मेलनमा भाषाविद् प्राध्यापक माधवप्रसाद पोखरेलले नेपाल र आसामको संस्कृति, भाषा र साहित्यबारे प्रकाश पार्दै नेपाल र आसामको सांस्कृतिक आदानप्रदान तिनका परम्परा र चाडहरूमा झल्कने र तिनमा हिमालय क्षेत्रको प्रभाव झल्कने बताए । प्राध्यापक पोखरेलले आसामी साहित्य नेपाली संस्कृति र आध्यात्मिक परम्पराबाट प्रभावित भएको उल्लेख गर्दै नेपाली साहित्यले पनि आसामको विविधतापूर्ण संस्कृतिबाट प्रेरणा लिएको चर्चा गरे ।

आसाम साहित्य सभाका नव नियुक्त अध्यक्ष वसन्तकुमार गोस्वामीले आसामी भाषा र साहित्यको प्रवर्द्धनमा आफू लागिरहने प्रण गरे । कार्यक्रममा सभाका निवर्तमान अध्यक्ष डा. हेमन्तकुमा बरुआ र महासचिव डा. उपेन्द्रजित सर्माले संगठन आसामको साहित्यिक र सांस्कृतिक विविधता प्रवर्द्धन गर्न कोसेढुंगा साबित भएको दाबी गरे ।

सन् १९१७ मा स्थापित आसाम साहित्य सभाको यस वर्षको सम्मेलनका क्रममा आयोजना गरेको मेलामा पाँच दिनमा करिब ३० लाख मानिसहरू उपस्थित भएको आयोजकले जनाएका छन् । पहिलो पटक राखिएको विज्ञान प्रदर्शनी, पुस्तक प्रदर्शनी, सांस्कृतिक झाँकी प्रदर्शनी र भारतीय सेनाको विशेष प्रदर्शनी मेलाका आकर्षण थिए । भारत सरकारले गत वर्ष आसामी भाषालाई प्राचीन भाषाको मान्यता दिएपछि पहिलोपटक आयोजित सो सम्मेलनमा भारत, नेपाल र विश्वभरबाट छ हजार जनाभन्दा बढीको सहभागिता रहेको थियो ।



अन्तर्राष्ट्रिय महिला फुटबल

# कीर्गिस्तानमाथि नेपालको कठिन जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगितामा घरेलु टोली नेपालले सुखद् सुरुआत गरेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सोमबार साँझ भएको खेलमा नेपालले कीर्गिस्तानलाई १-० गोलअन्तरको कठिन जित हात पारेको हो ।

नेपालको जितमा विमला चौधरीले गोल गरिन् । उनले खेलको ११औं मिनेटमा गोल गरेकी हुन् । नेपालले पहिलो तथा दोस्रो हाफमा गोल गर्ने राम्रा अवसरहरू पाए पनि फिनिसिङमा चुक्दा थप गोल हुन सकेन । कीर्गिस्तानका गोलकिपरले उत्कृष्ट बचाऊ गर्दै नेपाललाई अग्रता बढाउन दिइनन् । नेपाली खेलाडीहरूले प्रहार गरेका कतिपय बल क्रस बारमा ठोक्किएका थिए ।

प्रतियोगिताको कमजोर टिम मानिएको कीर्गिस्तानले उत्कृष्ट डिफेन्स खेलेको थियो । जसकारण नेपालले कठिन जित हात पारेको हो । यो जितसँगै नेपालले तीन अंक जोडेको छ । अब नेपालले यही फागुन ८ गते लेबनानसँग खेल्ने छ ।

### म्यानमारद्वारा लेबबान पराजित

प्रतियोगिताअन्तर्गत सोमबार नै भएको पहिलो खेलमा म्यानमारले लेबबानलाई पराजित गरेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा म्यानमारले लेबनानलाई ३-१ गोलअन्तरले पराजित गरेको हो । म्यानमारको जितमा विन थेंगी तुन, स्वेय यी तुन र सान थाअले समान एक-एक गोल गरे । यता लेबबानका लागि लायला इस्कन्दरले सान्त्वना गोल गरिन् ।

खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो । खेलको ५६औं मिनेटमा म्यानमारकी विनले पेनाल्टी बक्सबाट प्रहार गरेको बलले सीधै जाली चुम्यो । त्यसपछि खेलको ६०औं मिनेटमा लेबनानकी लायलाले एक गोल गरिन् ।

खेलको ७२औं मिनेटमा म्यानमारकी अर्की खेलाडी स्वेय यीले हेडमार्फत बललाई जाली चुमाइन् । त्यसको तीन मिनेटपछि सानले अर्को गोल थपिन् । उनले रिबाउन्डमा गोल गरेकी हुन् । यस जितसँगै म्यानमारले तीन अंक जोडेको छ ।

# कञ्चनजंघा आधार शिविरमा साहसिक हाफ म्याराथन हुने

■ प्रभाव संवाददाता

**फुङ्लिङ (ताप्लेजुङ)–** ताप्लेजुङको सिरिजंघा गाउँपालिकाको आयोजनामा कञ्चनजंघा साहासिक हाफ म्याराथन प्रतियोगिता आयोजना हुने भएको छ । विश्वको तेस्रो अग्लो कञ्चनजंघा हिमालको आधार शिविरमा म्याराथन प्रतियोगिता हुन लागेको हो ।

गाउँपालिकाका उपाध्यक्ष डा. चित्र माबोका अनुसार सिरिजंघा महोत्सव-२०८२ को अवसरमा आगामी वैशाख १३ देखि १५ गतेसम्म हाफ म्याराथन प्रतियोगिता आयोजना गरिने छ । कञ्चनजंगा आधार शिविर क्षेत्रमा समुद्र सतहदेखि चार हजार ५०० मिटर उचाइमा प्रतिस्पर्धा गराइने गाउँपालिकाले जनाएको छ ।

म्याराथन प्रतियोगिताका विजेतालाई नगद पुरस्कार प्रदान गरिने छ । प्रथम हुनेलाई दुई लाख आठ हजार ५८६ रूपैयाँ, दोस्रो हुनेलाई एक लाख आठ हजार ५८६ रूपैयाँ तथा तेस्रो हुनेलाई ८५ हजार ५८६ रूपैयाँ पुरस्कार प्रदान गरिने गाउँपालिकाले जनाएको छ ।

कार्यपालिकाको निर्णयअनुसार प्रतियोगिता नयाँ झोरेनी, कस्तुरेडाँडा, झण्डेडाँडा, सिन्दुरेढुंगा, तुप्लुङ, दुण्डुडाँडा, ढाउँ चौक, भेडी चोकहुँदै मछेवा पुग्ने २४ किलोमिटर दूरीमा सञ्चालन गरिने छ ।

गाउँपालिकाले प्रतियोगितासँगै माउन्टेन साइकलिङ कार्यक्रम पनि आयोजना गरिने जनाएको छ । हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असरबारे अध्ययन, अवलोकन तथा साहसिक पदमार्गको अनुगमनसमेत गर्न सकिने आयोजकको अपेक्षा रहेको छ ।

# भद्रपुर झापा गोल्डकपमा नेपालसहित चार देशका १० टोली सहभागी हुँदै

**झापा (प्रस)–** दोस्रो भद्रपुर झापा गोल्डकप २०८१ मा नेपाल, भारत, भुटान र बंगलादेशका १० टोली सहभागी हुने भएका छन् । यही फागुन ७ देखि फागुन १६ गते मेची रंगशालामा प्रतियोगिताका खेल हुँदै छन् ।

सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा झापा गोल्डकपका अध्यक्ष दीपेश ढकालले २० हजार दर्शक अटाउने गरी स्थायी र बाँसको अस्थायी प्याराफिट निर्माण गरिएको बताए । दर्शकले क्वाटरफाइनलसम्मका खेल हेर्न २०० रूपैयाँ, सेमिफाइनलमा ३०० रूपैयाँ र फाइनलका लागि बाँसको अस्थायी प्याराफिटमा ३०० रूपैयाँ तथा पक्की प्याराफिटका लागि ५०० रूपैयाँ




टिकट दर कायम गरिएको उनले जानकारी दिए ।

प्रतियोगितामा घरेलु टोली भद्रपुर ब्लेजर्स, ए डिभिजन क्लब चर्च ब्याइज युनाइटेड, मछिन्द्र फुटबल क्लब, नेपाल पुलिस क्लब, न्यु रोड टिम, सशस्त्र प्रहरीको एपिएफ एफसी र झापा ११ गरी सात नेपाली टोली सहभागी हुँदै छन् । यसैगरी भारतको दार्जीलिङ पुलिस एफसी, भुटानको ट्रान्सपोर्ट युनाइटेड एफसी र बंगलादेशको काउर्न बजार प्रगति संघ गरी तीन विदेशी टोली सहभागी हुने छन् ।

प्रतियोगिताको विजेता टोलीले १३ लाख रूपैयाँ तथा उपविजेतालेसात लाख रूपैयाँ प्राप्त गर्ने छन् । यसैगरी प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले एक लाख पाँच हजार रूपैयाँ, उत्कृष्ट गोल किपर, उच्च गोलकर्ता, उदीयमान खेलाडी र प्रशिक्षकले २५ हजार रूपैयाँ प्राप्त गर्ने छन् । प्रत्येक खेलको 'प्लेयर अफ द म्याच'लाई २१ हजार रूपैयाँ पुरुस्कार प्रदान गरिने छ । प्रतियोगिता सम्पन्न गर्न एक करोड ७८ लाख रूपैयाँ खर्च लाग्ने अनुमान गरिएको अध्यक्ष ढकालले जानकारी दिए ।

# तालिबान प्रतिनिधिमण्डल दुर्लभ जापान यात्रामा

**काबुल–** तालिबान सरकारको एक प्रतिनिधिमण्डलले सोमबार पहिलोपटक जापानको भ्रमण गरेको छ । तालिबान अधिकारीद्वारा विरलै देशबाहिर भ्रमण गर्ने गरेको पाइन्छ । उच्च शिक्षा, परराष्ट्र र अर्थ मन्त्रालयका अधिकारीहरू सम्मिलित अफगान प्रतिनिधिमण्डल शनिबार काबुलबाट एक हप्ता लामो भ्रमणमा जापान गएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

'हामी बलियो, एकताबद्ध, उन्नत, समृद्ध, विकसित अफगानिस्तानका लागि र अन्तर्राष्ट्रिय समुदायको सक्रिय सदस्य बन्नका लागि विश्वसँग सम्मानजनक अन्तरक्रिया चाहन्छौं,' प्रतिनिधिमण्डलमा सहभागी अर्थ मन्त्रालयका उपमन्त्री लतिफ नजरीले शनिबार सामाजिक सञ्जाल एक्समा एक सन्देश जारी गर्दै भनेका छन् ।

तालिवान सरकारका अधिकारीले मध्य एसिया, रूस र चीनलगायत छिमेकी र क्षेत्रीय मुलुकहरूको नियमित भ्रमण गर्दै आए पनि ती मुलुकबाहेकका राष्ट्रमा विरलै भ्रमण गर्ने गरेका छन् । तालिबानले यसअघि सन् २०२२ र सन् २०२३ मा नर्वेमा हुने कूटनीतिक शिखर सम्मेलनका लागि औपचारिकरूपमा युरोपको भ्रमण गरेको थियो । काबुलमा रहेको जापानी दूतावास पूर्ववर्ती विदेशी समर्थित सरकारको पतन र सन् २०२१ मा तालिबानले कब्जा गरेपछि अस्थायीरूपमा कतारमा सारिएको थियो । यद्यपि, त्यसपछि यसले देशमा कूटनीतिक र मानवीय गतिविधिहरू पुनः सुरु गरेको छ । *रासस/एएफपी*

# चौथो त्रैमासिकमा जापानको आर्थिक वृद्धिदर सुस्त

**टोकियो–** सन् २०२४ मा जापानको आर्थिक वृद्धिदर अत्यधिक सुस्त भएको सरकारी तथ्यांकले सोमबार देखाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको संरक्षणवादी व्यापार नीति, आयात शुल्कलगायतका कारण विश्वको चौथो ठूलो अर्थतन्त्रमा परेको असरप्रति जापानी कम्पनीहरू चिन्तित भइरहेका बेला यो आँकडा आएको हो ।

सन् २०२४ मा कूल गार्हस्थ उत्पादन (जिडिपी) ०.१ प्रतिशतले वृद्धि भएको छ, जुन अघिल्लो वर्षको सोही अवधिको १.५ प्रतिशतभन्दा निकै कम हो । तर अक्टोबर-डिसेम्बरको आँकडा भने उज्वल थियो । जुलाई-सेप्टेम्बरमा ०.४ प्रतिशतबाट अक्टोबर-डिसेम्बरमा त्रैमासिक-दर वृद्धि ०.७ प्रतिशत कायम भएको थियो । दशकौंको सबैभन्दा भयानक आँधी शक्तिशाली भूकम्पको' चेतावनीबीच अक्टोबर-डिसेम्बरमा त्रैमासिक वृद्धिदर ०.७ पुगेको हो ।

चौथो त्रैमासिकको ०.३ प्रतिशतको वृद्धिको आँकडा पनि बजार अपेक्षाभन्दा दोब्बर बढीले कमी हो । मुडिज एनालिटिक्सका स्टेफन एन्ग्रिकले भने, 'सतहमा हेर्दा सन् २०२४ को अन्तिम अवधिमा जापानको कूल गार्हस्थ उत्पादन वृद्धि एउटा सुधारको संकेतजस्तो देखिन्छ ।' 'जापानको प्रारम्भिक कूल गार्हस्थ उत्पादन (जिडिपी) को आँकडा निकै कमजोर छ र सुधार हुनु सामान्य कुरा हो तर ठूलो मात्रामा सुधारको आवश्यकता छ,' उनले भने । 'अझै पनि हिलोमा फसेको घरेलु अर्थव्यवस्थालाई उत्साहित प्रमुख आँकडाले अर्थतन्त्र संरक्षण गर्ने संकेत देखिन्छ । तलब लाभले तीन वर्षसम्म बलियो बनको मुद्रास्फीतिलाई पछाडि पारेको छ,' एन्ग्रिकले भने ।

उनले भने, 'विश्वव्यापी व्यापारका लागि खराब अवस्थालाई ध्यानमा राख्दै, जापानले सन् २०२५ मा आर्थिक वृद्धिको सुस्ततालाई नियन्त्रणमा लिनको लागि निर्यातमा भरोसा गर्न सक्षम हुने छैन ।' ट्रम्पले गत हप्ता अप्रिल २ देखि आयातीत कारमा कर लगाउने योजना बनाएको बताएका थिए । दैवा इन्स्टिच्युट अफ रिसर्चले जिडिपीको पछिल्लो आँकडा सार्वजनिक गर्नुअघि भनेको छ, 'मोटर गाडीको उत्पादन सामान्यीकरणलगायत विभिन्न वृद्धिका कारकहरू देखिएका छन् ।' संस्थानले एक रिपोर्टमा भनेको छ, 'कर्पोरेसनहरूको तर्फबाट पूँजीगत खर्चका लागि तीव्र चाहना, र आन्तरिक खपतमा पुनरागमन' पनि सकारात्मक कारकहरू रहेका थिए ।'

गत वर्ष जर्मनीलाई उछिनेर जापान विश्वको तेस्रो ठूलो अर्थतन्त्र बनेको थियो र भारतले यस दशकको अन्त्यतिर दुवै देशलाई उछिनेको अनुमान गरिएको थियो । स्थितिमा आएको परिवर्तनले मुख्यतया डलरको तुलनामा येनमा आएको तीव्र गिरावटलाई प्रतिविम्बित गरेको विश्लेषकहरूले त्यतिबेला बताएका थिए ।

गत जनवरीमा बैंक अफ जापान (बिओजे)ले १७ वर्षपछि पहिलोपटक मार्चमा ब्याजदर वृद्धि गरेको थियो । सन् २००८ यताकै सबैभन्दा बढी ऋण लिने लागत मापन गरिएको यो कदमले 'निरन्तर' बढ्दो ज्याला र वित्तीय बजार 'समग्रमा स्थिर' हुनुलाई पनि आधार बनाएको बैंकले जनाएको छ ।

हालैका वर्षहरूमा अन्य केन्द्रीय बैंकहरूले उधारो लागत बढाए पनि बिओजे भिन्नरूपमा उभिएको थियो । अन्ततः यसले मार्चमा दरलाई शून्यताभन्दा माथि उठायो र यसले जापानको 'हराएको दशकौं'को आर्थिक स्थिरता र स्थिर वा घट्दो मूल्यहरूको सामना गर्न बनाइएको नीतिहरूबाट टाढा जाने संकेत दियो । *रासस/एएफपी*

# चिनियाँ राष्ट्रपति सी र ज्याक मालगायतका उद्यमीबीच भेटवार्ता



**बेइजिङ–** चीनका राष्ट्रपति सी चिनफिङले सोमबार अलिबाबाका सहसंस्थापक ज्याक मालगायत निजी क्षेत्रका शीर्ष व्यापारिक नेतृत्वसँग भेटवार्ता गरेको चिनिया सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।

एक दशकभन्दा बढी समयअघि सत्तामा आएदेखि नै सीले विश्वको दोस्रो ठूलो अर्थतन्त्रमा राज्यका उद्यमहरूको भूमिकालाई निरन्तर बढावा दिन खोजेका छन् र निजी क्षेत्रको 'अव्यवस्थित' विस्तार हुन नदिन चाहन्छन् ।

उनले प्रमुख व्यापारिक दिग्गजहरूलाई भेट्ने तयारी गरिरहेको समाचार गत हप्ता सार्वजनिक भएको थियो । देशले रियल स्टेट संकट, निरन्तरको कम खपत र उच्च युवा बेरोजगारीले घेरिएको सुस्त अर्थव्यवस्थासँग जुधिरहेका अवस्थामा राजनीतिक नेतृत्व र उद्यमीबीच भएको भेटवार्तालाई उच्च महत्त्वका साथ हेरिएको छ ।

चीनको सरकारी प्रसारक सिसिटिभीका अनुसार बेइजिङको ग्रेट हल अफ द पिपुलमा भएको बैठकमा राष्ट्रपति सीलाई तालीको गडगडाहटसहित भव्य स्वागत गरिएको भिडियो चिनियाँ सञ्चारमाध्यममा सर्वत्र छाएको थियो । सिसिटिभीले तत्काल बैठकको विषयवस्तुबारे विस्तृत विवरण दिएको छैन । माको समावेशले अर्बपति म्याग्नेटको सम्भावित सार्वजनिक पुनर्वासको संकेत गर्दछ जुन नियामकहरूसँगको विवादपछि वर्षौंपछि चर्चाबाट बाहिर छ ।

पूर्वअंग्रेजी शिक्षक ज्याक माले चीनको सबैभन्दा परिचित र प्रभावशाली निजी कम्पनीको रूपमा प्रविधि कम्पनी अलिबाबाको स्थापना गरेका थिए । अलिबाबाले यसै साता आफ्नो पछिल्लो त्रैमासिक आम्दानी प्रतिवेदन सार्वजनिक गर्ने अपेक्षा गरिएको छ र यस वर्ष अहिलेसम्म यसको सेयर ४० प्रतिशतभन्दा बढीले बढेको छ ।

सोमबारको बैठकमा विशाल प्रविधि कम्पनी हुवावेका संस्थापक रेन झेङफेई र विशाल विद्युतीय सवारीसाधन बिवाइडीका संस्थापक वाङ चुआनफु पनि सहभागी थिए । सी, रेन र वाङले बैठकलाई सम्बोधन गरेको सिसिटिभी फुटेज प्रसारण भए पनि उनीहरूले बोलेको कुराको अडियो वा लिखित विवरण तत्काल उपलब्ध गराइएको छैन ।

ब्याट्री पावरहाउस सिएटीएलका संस्थापक रोबिन जेङ र इन्टरनेट प्लेटफर्म मेइटुआनका सहसंस्थापक वाङ जिङ पनि उक्त कार्यक्रममा सहभागी भएका छन् । गत वर्ष अर्थव्यवस्था पाँच प्रतिशतले वृद्धि भएको चीनले महामारीबाट बलियो पुनरुत्थान हुन संघर्ष गरिरहेको छ । यो वृद्धि दशकौंपछिको सबैभन्दा सुस्त थियो ।

बेइजिङले सन् २०२५ मा पनि यस्तै स्तरको आर्थिक वृद्धिको लक्ष्य राखेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारी करसहित आफ्नो कडा व्यापार नीतिलाई नवीकरण गरेपछि यसले चीनलाई पनि असर गर्ने अनुमानहरू गरिएका छन् ।

ट्रम्पले यसअघि नै चीनबाट हुने सबै आयातमा १० प्रतिशत थप कर लगाउने घोषणा गरिसकेका छन् भने बदलामा बेइजिङले कोइला र ग्यासलाई लक्षित गरी तत्कालै कर वृद्धि गर्ने घोषणा गरिसकेको छ । *रासस/एएफपी*


बागमती प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

**शहरी विकास तथा भवन कार्यालय सिन्धुली**

**बोलपत्र स्वीकृत गर्ने आसयको सुचना**

**प्रकाशित मिति: २०८१/११/०६**

यस कार्यालयबाट प्रकासित सूचना बमोजिम योग्य सम्बन्धित निर्माण ब्यावसायीबाट रितपुर्वक बोलपत्र तथा शिलबन्दी दरभाउपत्र खरिद गरि E-bid मार्फत पेश भएका बोलपत्रहरु मध्येबाट मुल्याङ्कन हुदा निम्न बोलपत्रदाताहरुको बोलपत्र न्युनतम मुल्यमङ्कित रुपमा सारभुतरुपमा प्रभावग्राही भएको हुदा उक्त बोलपत्र स्वीकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकासित गरिएको छ ।

| सि. नं | ठेक्का नं | योजनाको नाम | निर्माण ब्यावसायीको नाम | रकम रु भ्याट र पियस सहित |
|---|---|---|---|---|
| 1 | UDBOSIN-NCB-W-14-081-082 | वार्ड कार्यलय भवन निर्माण सुनकोसी गाउँपालिका-२ सिन्धुली | Dilli Ratna Group of Company Pvt Ltd Sindhuli | 1673875.54 |

**कार्यालय प्रमुख**



**तादी गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

खरानीटार, नुवाकोट

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति २०८१/११/०६)**

यस कार्यालयबाट मिति २०८१/०९/११ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा निर्माण कार्य सम्बन्धी तादी गाउँपालिकाको ठेक्का Contract ID नं TRM/W/R/081/82-5 र मिति २०८१/१०/१५ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा निर्माण कार्य सम्बन्धी तादी गाउँपालिकाको ठेक्का Contract ID नं TRM/W/R/081/82-6 साथै मिति २०८१/०९/११ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा खरिद सम्बन्धी तादी गाउँपालिकाको Sealed Quotation No. TRM/SQ/GOODS/2081/82-4 को प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित अंक सारभूत रुपमा प्रभावग्राही भएको पाइएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं/Sealed Quotation No. | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु (भ्याट सहित ) |
|---|---|---|---|
| TRM/W/R/081/82-5 | Bahunbeshi Narja Dandako Pato Sadak Nirman | के.थ्रि.के कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.,चौतारा साँगाचोकगढी, सिन्धुपाल्चोक | ५४,८७,८१८.९४ |
| TRM/W/R/081/82-6 | Dorkhupul Dhansar Manedada Sadak Nirman | केत्र गंगा निर्माण सेवा, लिखु, नुवाकोट | ५८,९९,२६०.४६ |
| TRM/SQ/GOODS/2081/82-4 | Khanepani tatha Sinchai Pipe Kharid | नेपाल पोली पाईप प्रा.लि, ,बालाजु-१६, काठमाडौं | २,१६,९६०.०० |

**प्रमुख प्रशासकीय अधिकृत**



**युएइमा रोजगार** कम्पनी : DESHWA TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/११/०२ | LT. No. 318806 | चलानी नं. ६०२३३१६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 5 | 0 | 1200 | ४५,१५० | | | | | | | |
| 3 | labourer / worker/ building worker / worker | 4 | 0 | 1200 | ४५,१५० | | | | | | | |
| 4 | Plumber | 10 | 0 | 1200 | ४५,१५० | | | | | | | |
| 5 | Steel Fixer | 8 | 0 | 1200 | ४५,१५० | | | | | | | |
| 6 | STONE MASON | 5 | 0 | 1200 | ४५,१५० | | | | | | | |
| 7 | TILE LAYER ASSISTANT | 3 | 0 | 1200 | ४५,१५० | | | | | | | |
| 8 | TILE LAYER | 5 | 0 | 1200 | ४५,१५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १३ गते (25th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1577/079/80

DIVINE POWER H.R. SOLUTION PVT.LTD.

Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-01-5913923, 5913924,

Whatsapp: 9705016917, 9857010594, Email: divinehrnepal@gmail.com, Web: www.divinehrnepal.com



**युएइमा रोजगार** कम्पनी : LULU HYPERMARKET LLC

पूर्व स्वीकृति मिति : २०८१/११/०५ | LT. No. 318967 | चलानी नं.६०२३३१८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Men | 200 | 0 | 1300 | ४८,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १३ गते (25th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.

Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,

E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np

श्रम ईजाजत नं. २३५/०५८/०५९



**युएइमा रोजगार** कम्पनी : PRESTIGE CONSTRUCTIONS L.L.C

पूर्व स्वीकृति मिति : २०८१/११/०५ | LT. No. 318946 | चलानी नं. ६०२३३१८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 25 | 0 | 1500 | ५६,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Helpers | 75 | 0 | 1000 | ३७,६२५ | | | | | | | |
| 3 | Marble/Tile/Plaster Mason | 75 | 0 | 1500 | ५६,४३५ | | | | | | | |
| 4 | Steal Fixer | 25 | 0 | 1500 | ५६,४३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १३ गते (25th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832

Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

Govt. License 083/053/054



**साउदीमा रोजगार** कम्पनी : Falcons Union Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | LT. No. 318699 | चलानी नं.६०२३२८५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADER & UNLOADER LABOR | 2 | 0 | 1000 | ३६,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Rashid Mohammed Al Hamad Trading Company

पूर्व स्वीकृति मिति : २०८१/११/०४ | LT. No. 318927 | चलानी नं.६०२३३०७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SMALL TRUCK DRIVER | 1 | 0 | 1300 | ४७,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Rashid Mohammed Al Hamad Trading Company

पूर्व स्वीकृति मिति : २०८१/११/०४ | LT. No. 318926 | चलानी नं.६०२३३०९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 3 | 0 | 1300 | ४७,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Ali Maqbool Mahammed Hakimi General Contracting

पूर्व स्वीकृति मिति : २०८१/११/०२ | LT. No. 318885 | चलानी नं.६०२३३०४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 5 | 0 | 1000 | ३६,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १३ गते (25th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROVE INTERNATIONAL PVT.LTD.

Ratopool, Opposite to MR Complex, Kathmandu, Nepal

T: +977-01-4486922 | E:- rove35@yahoo.com I w:-www.roveintl.com

Govt.Lic. No 1033/071/072



**वर्गीकृत विज्ञापन संकलन काउन्टर**

पशुपति विज्ञापन सेवा – सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६८७०० | प्रति तोला - ० | प्रति तोला - १९७० |



**मौरिस हर्गोज पदमार्ग** | म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ स्थित अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्गोज पदमार्गअन्तर्गत भुसकेत नजिकैको झोलुंगे पुल तर्दै गरेका पदयात्री र पृष्ठभूमिको नीलगिरि हिमालको दृश्य । *तस्बिरः सन्तोष गौतम/रासस*

# सिमेन्टको मूल्यवृद्धि नियन्त्रण गर्न सांसदहरूको माग



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सांसदहरूले सिमेन्टको मूल्यवृद्धि नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभा सदस्यहरूले सभामुखमार्फत बजारमा सिमेन्टको मूल्यवृद्धिले उपभोक्ता मारमा परेको भन्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराएका हुन् । सभाको सोमबारको बैठकमा उपलब्ध शून्य समयमा बोल्दै सांसद राजेन्द्रकुमार केसीले सिमेन्टको मूल्यवृद्धि विनाकारण बढाइएको भन्दै आपत्ति जनाए ।

सांसद केसीले भने, ‘झण्डै ९८ प्रतिशतभन्दा बढी स्वदेशी कच्चापदार्थमा उत्पादन हुने नेपाली सिमेन्टको हाल अत्यधिक मूल्यवृद्धि भएको छ । विनाकारण किन यो मूल्य बढ्यो ?’ उनले भारतमासमेत निर्यात गर्न थालिएको नेपाली सिमेन्टको बजार मूल्यवृद्धिले उपभोक्ता महँगीमा परेको भन्दै उद्योग मन्त्रालयको ध्यानाकर्षण गराए ।

अर्का सांसद योगेन्द्र मण्डलले सिमेन्टको मूल्य कायम गर्न सम्बन्धित मन्त्रालयले गरेको निर्णयकोसमेत कार्यान्वयन नभएको भन्दै खेद प्रकट गरे । उनले सिमेन्टको मूल्यवृद्धिले निर्माण व्यवसायी र आमनागरिकलाई परेको मर्कातर्फ सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराए ।

‘गत साउन महिनामा सिमेन्टको दर रेट ४८४ रूपैयाँ फ्याक्ट्री रेट थियो । हाल ७४५ रूपैयाँ छ । यसको असर २२ अर्ब रूपैयाँ निर्माण व्यवसायीलाई घाटा भएको छ । आमउपभोक्तालाई चार अर्ब रूपैयाँ घाटा भएको छ,’ सांसद मण्डलले भने, ‘यस सम्बन्धमा उद्योग मन्त्रालयसँग निर्माण व्यवसायी र सिमेन्ट उत्पादक संघको छलफलपछि प्रतिबोरा १२० रूपैयाँमा बिक्री-वितरण गर्ने निर्णय भएको थियो । दुर्भाग्यको कुरा मन्त्रीसँग भएको निर्णय कार्यान्वयन भएको छैन ।’

शून्य समयमा सांसदहरूले सडक, पुल निर्माण, उखु किसानलाई अनुदान, स्वास्थ्य बिमा, कर्मचारीलाई तलबभत्ता निकासालगायतका विषयमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराएका थिए । सांसद मैना कार्कीले रासायनिक मलको प्रयोग र विषादीको प्रयोगले स्वास्थ्यमा पार्ने जोखिमबारे ध्यानाकर्षण गराइन् ।

सांसद मंगलप्रसाद गुप्ताले कपिलवस्तुका उखु किसानले सरकारले घोषणा गरेको अनुदान प्राप्त गर्न नसकेको भन्दै तत्काल उपलब्ध गराउन माग गरे । सांसद रणकुमारी बलम्पाकी मगरले बिपी राजमार्गअन्तर्गत पर्ने काभ्रे जिल्लाका चौकी डाँडा, कटुन्जे, नार्के, मंगलटार, सिन्धुलीको आपँघारी, नेपालथोक, कान ढुंग्रीलगायत १२ किलोमिटर सडक बाढी पहिरोबाट क्षतिग्रस्त पुनर्निर्माणका लागि ध्यानाकर्षण गराए । सांसद रमा कोइराला पौडेलले सरकारले बजारमा ग्यासको सिलिन्डर र रेगुलेटको निरीक्षण र अनुगमन गर्न आग्रह गरिन् । सांसद रामहरि खतिवडाले विकास निार्मणका आयोजनालाई निश्चित समयको निर्धारण गर्ने परिपाटी विकास गर्न सुझाव दिए । उनले कटारी घुर्मी ओखलढुंगा सडकको ‘टेन्डर’ नभएकातर्फ ध्यानाकर्षण गराए ।

# आइपिओ रोकिएको विषयमा इप्पानको ध्यानाकर्षण

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले विभिन्न कम्पनीहरूको आइपिओ निष्कासन प्रक्रिया रोकिएको विषयमा नेपाली कांग्रेस संसदीय दलको ध्यानाकर्षण गराएको छ । इप्पानले सोमबार लेखा समितिका सदस्यसमेत रहेका नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेलाई ध्यानाकर्षणपत्र बुझाउँदै आइपिओ तथा हकप्रद सेयरको सार्वजनिक निष्काशन रोकिएको विषयमा ध्यानाकर्षण गराएको हो ।

इप्पानका अध्यक्ष गणेश कार्कीले लेखासमितिले आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर नेपाल धितोपत्र बोर्ड (सेबोन) लाई निर्देशन दिँदा ४२ कम्पनीको आइपिओ र ३० भन्दा बढी कम्पनीको हकप्रद सेयर गरी ५० अर्ब रूपैयाँभन्दा बढीको सार्वजनिक निष्काशन रोकिएको विषयमा जानकारी गराएका हुन् । इप्पानका पूर्वअध्यक्ष शैलेन्द्र गुरागाईंले सेबोनले डेढ वर्षदेखि सार्वजनिक निष्काशन रोक्दा जलविद्युत् आयोजनाको काममात्रै प्रभावित नभएर जलविद्युत् आयोजनालाई सिमेन्ट डण्डीलगायत सामान बेच्ने उद्योगको व्यवसायमा ह्रास आएको दाबी गरे ।

प्रमुख सचेतकसँगको भेटमा इप्पानले संरक्षित क्षेत्रमा पूर्वाधार निर्माण रोक्ने सर्वोच्चको आदेश र विद्युत् विधेयकको बारेमा पनि कुरा उठाएको थियो । इप्पान अध्यक्ष कार्कीले अध्यादेशमार्फत सुधार भएका कानुनलाई अदालतले खारेज गरेर देशलाई पछाडि धकेलेको बताए । गत वर्षको लगानी सम्मेलनअघि विकास निर्माणमा अवरोध गर्ने विभिन्न ऐनहरूलाई अध्यादेशमार्फत संशोधन गरिएको थियो । संसद्बाट अनुमोदन भइसकेको अध्यादेशलाई अदालतले खारेज गरेर २०२९ सालमा बनेको राष्ट्रिय निकुञ्ज ऐनमै फर्काइदिएको कार्कीको भनाइ छ । कांग्रेस प्रमुख सचेतक घिमिरेले इप्पानले उठाएका सबै विषयमा संसदमा आवाज उठाउने बताए । ‘राज्य करले र व्यवसायी नाफाले चल्छन् । नाफा भएन भने कर आउँदैन । दुई-चार पैसा कमाउने व्यवसायीलाई चोर फटाहा देख्ने सोचका कारण नेपाल धेरै पछि परेको हो,’ घिमिरेले भने ।

उनले निजी क्षेत्रलाई कामै गर्न दिनुहुँदैन भन्ने सोच निकै प्रतिगामी भएको भन्दै सबै ठाउँमा निजी क्षेत्रलाई नै अघि बढाउनुपर्ने पनि बताए । ‘निजी क्षेत्रले नाफा देखेन भने लगानी गर्दैन, त्यस्तो ठाउँमा सरकारअघि सर्नुपर्छ । होइन भने सरकारले निजी क्षेत्रमैत्री नीति नियम बनाएर नियमन गर्ने र निजी क्षेत्रले जे-जे काम गर्छु भने पनि गर्न दिनुपर्छ । सरकारले सहजीकरणमात्रै गरिदिनुपर्छ,’ घिमिरेले भने ।

# अर्थमन्त्री पौडेल अस्पतालबाट ‘डिस्चार्ज’

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** पोखरा भ्रमण वर्षका क्रममा बेलुन पड्किएर घाइते भएका उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल कीर्तिपुर अस्पतालबाट घर फर्किएका छन् । अस्पतालमा दुई दिनदेखि उपचार गराइरहेका पौडेल सोमबार ‘डिस्चार्ज’ भएका हुन् । पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यको स्वास्थ्य अवस्था सामान्य हुँदै गएको र उनलाई थप केही दिन अस्पतालमा राखिने पनि अस्पतालले जनाइएको छ ।

‘दुवै जनाको जलनको घाउ निको हुँदै गएको र फोक्सोमा कुनै खराब असर परेको देखिँदैन । यसकारण आजै उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेललाई अस्पतालबाट ‘डिस्चार्ज’ गर्ने निर्णय भएको छ,’ कीर्तिपुर अस्पतालद्वारा सोमबार जारी प्रेस विज्ञप्तिमा भनिएको छ, ‘मेयर धनराज आचार्यको पहिलेदेखि नै उच्च रक्तचापको समस्या भएको कारण हृदयरोग विशेषज्ञसँग परामर्श भइरहेकाले केही दिन थप उपचार हुने जानकारी गराइन्छ ।’ संक्रमणको जोखिम कम गर्न मेयर आचार्यसँग भेटघाट गर्न बन्द गरिएको पनि अस्पतालले जनाएको छ ।

# २९.८७ अंकले बढ्यो नेप्से


काठमाडौं (प्रस)- यो साता कारोबारको लगातार दोस्रो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बढेको छ । सोमबार नेप्से २९.८७ अंकले बढेर दुई हजार ७२७.९१ को बिन्दुमा कायम भएको हो । यो १.१० प्रतिशतको वृद्धि हो । सोमबार ३०२ कम्पनीको एक करोड ८० लाख ८१ हजार १६८ कित्ता सेयर एक लाख दुई हजार ८६१ पटक खरिदबिक्री हुँदा १० अर्ब चार करोड ९६ लाख ५४ हजार ८३२ रूपैयाँबराबरको कारोबार भएको छ ।

सोमबारको कारोबारमा बैंकिङ २.१६, होटल तथा पर्यटन २.२९, लघुवित्त २.४५ र अन्य समूह २.४७ प्रतिशतले बढेको छ । त्यस्तै विकास बैंक ०.३३, लगानी ०.२०, जीवन बिमा ०.८९, उत्पादन तथा प्रशोधन ०.७७, म्युचुअल फन्ड ०.५२ र निर्जीवन बिमा समूह १.०७ प्रतिशतले बढेको छ । तीन वटा समूहको उपसूचक भने घटेको छ । वित्त समूह ०.८४, जलविद्युत् ०.१५ र व्यापार समूह १.२७ प्रतिशतले घटेको छ ।

छ वटा कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड, कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेड, स्कल डेभलपमेन्ट बैंक लिमिटेड, गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेड र दिव्येश्वरी हाइड्रोपावर लिमिटेडको सेयर मूल्य १० प्रतिशतले बढेको हो । सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको सेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ ।

# नेपालमा पहिलोपटक क्यानोनिङ उत्सव हुँदै

■ **दिपा सुनुवार**




**काठमाडौं–** नेपालमा पहिलोपटक क्यानोनिङ उत्सव हुने भएको छ । सिन्धुपाल्चोकको गातीस्थित बोर्डरल्याण्डमा यही फागुन १६ देखि १८ सम्म तीनदिने क्यानोनिङ उत्सव हुने भएको हो । बोर्डरल्याण्ड इको रिसोर्टले आयोजना गर्न लागेको यो उत्सव विशेषगरी साहसिक खेलमा रुचि राख्ने नेपालीहरूलाई लक्षित गरिएको छ । पर्वतारोहण, पदयात्रा, ऱ्याफ्टिङ, प्याराग्लाइडिङ, माउन्टेन बाइकिङ तथा मह संकलनजस्ता रोमाञ्चक गतिविधिहरू समेटिएको क्यानोनिङ उत्सव साहसिक पर्यटकहरूको आकर्षण बन्ने अपेक्षा गरिएको छ ।

नेपालमा क्यानोनिङका लागि विभिन्न स्थानहरू प्रसिद्ध छन् । जसमध्ये काठमाडौंको सुन्दरीजल, सिन्धुपाल्चोकको पुरानो जम्बो, पोखरा र चितवनको जलबिरे प्रमुख हुन् । नेपाल नदी संरक्षण (एनआरसिटी)का अध्यक्ष तथा कर्णाली रिभर वाटरकिपरसमेत रहेका बोर्डरल्याण्ड इको रिसोर्टका सञ्चालक मेघ आले उत्सवका क्रममा सञ्चालन गरिने विभिन्न साहसिक खेलहरूमा सहभागीहरूको सुरक्षालाई प्राथमिकतामा राखिएको बताए । ‘क्यानोनिङ गर्दा पानीको बहाव, भौगोलिक स्थिति र खेलाडीहरूको सुरक्षामा विशेष ध्यान दिएका छौं । वसन्त ऋतुमा नेपालमै पहिलोपटक व्यापक कार्यक्रमसहित क्यानोनिङ उत्सव अयोजना गर्दै छौं,’ उनले भने ।

नेपालका नौ वटा क्यानोनिङ गर्न मिल्ने झरनाहरू सिन्धुपाल्चोकमा रहेको उनले बताए । यी झरनालाई प्रवर्द्धन गर्न महोत्सव आयोजना गर्न लागिएको उनको भनाइ छ । ‘यो उत्सवमा करिब डेढ सयदेखि २०० को हाराहारीमा आन्तरिक पर्यटकहरूको सहभागिता रहने अपेक्षा लिएका छौं,’ आलेले भने ।

उनका अनुसार नेपालमा साहसिक खेलहरू दिनप्रतिदिन लोकप्रिय बन्दै गइरहेका छन् । साहसिक खेलप्रेमीहरूका लागि पर्वतारोहण, पदयात्रा, ऱ्याफ्टिङ मात्र नभई क्यानोनिङ पनि आकर्षक गन्तव्य बन्दै गएको उनको अनुभव छ । यसमा आन्तरिक तथा बाह्य पर्यटकहरूको उल्लेखनीय सहभागिता रहने अपेक्षा गरिएको छ । ‘साहसिक खेलप्रति बढ्दो आकर्षणले आगामी दिनमा यस क्षेत्र अझै व्यावसायिक हुने आशा जगाएको छ,’ आलेको भनाइ छ ।

नेपालमा क्यानोनिङको व्यावसायिक यात्रा सन् १९९६ मा सुरु भएको इतिहास छ । फ्रान्सबाट सुरु भएको क्यानोनिङ वाटरकिपर एवं बोर्डरल्याण्डका सञ्चालक आलेले अस्ट्रियामा तालिम लिएर नेपालमा भित्र्याएका हुन् । प्रारम्भमा विदेशी प्रशिक्षकहरूमार्फत सिकाइएको यो खेल अहिले नेपाली साहसिक खेलाडीहरूमाझ लोकप्रिय बन्दै गएको छ ।

कार्यक्रम निर्देशक मदन मगरका अनुसार ऱ्याफ्टिङ गर्दा वाक्क हुनेहरूका लागि क्यानोनिङ उत्कृष्ट विकल्प हुन सक्छ । डोरीको नट र पौडिन चाहनेहरूका लागि यो खेल रोमाञ्चकमात्र नभई सुरक्षितसमेत हुने उनी बताउँछन् । सुरुआतमा विदेशी पर्यटकहरूको मात्र रुचि रहेको क्यानोनिङ अहिले नेपालीहरूमा पनि आकर्षण बढ्दै गएको मगरको भनाइ छ । यसलाई नेपाल क्यानोनिङ एसोसिएसनले व्यवस्थित गर्दै व्यावसायिक बनाउने प्रयास गरिरहेको उनले बताए ।

निर्देशक मगरले यस कार्यक्रमका लागि १० देखि १५ जना क्यानोनिङ गाइड तथा २५ जना स्वयंसेवक खटाइने जानकारी दिए । कार्यक्रममा सहभागीहरूलाई पूर्ण मनोरञ्जनको प्याकेज उपलब्ध गराइने आयोजकको प्रतिबद्धता छ । ‘सहभागी हुन चाहनेले बोर्डरल्याण्ड इको रिसोर्टको फेसबुक पेज, इन्स्टाग्रामको पेज वा नयाँ बजार र ठमेलमा रहेको कार्यालयमा नाम दर्ता गराउन सक्नुहुने छ,’ निर्देशक मगरले भने ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ